दायित्व

(मासिक)

वर्ष ८ || २०५१ बैसाख || पूर्णाङ्क २२

प्रधान संपादक
रामप्रसाद पन्त

रचना संपादक
तारा कार्की

व्यवस्थापक
लक्ष्मी पन्त

क्षेत्रीय प्रतिनिधि
नीलकुमारी गिरी
सुनिल नेपाल
उत्तमकृष्ण मजगैयाँ
विष्णुप्रसाद भण्डारी
विष्णु ज्ञवाली
टक सुवेदी (सिक्किम)

सहयोग मण्डली
कृष्णबहादुर थापा
मुकुन्द शर्मा
मदन स्थापित
पदम प्र. निरौला
सुशीलचन्द श्रेष्ठ

सपादन सहयोगी
ठाकुरप्रसाद शर्मा

कथा/लघुकथा

विवशताभित रहेका
इच्छाहरू — १ — प्रेम प्रधान
आजको अवस्था — ३७ — बी. योन्जन

यात्रा-नियात्रा

पोखरा: जो मेरो आँखाबाट... — २३ — मिलनराज गर्तौला
कान्तिपुरदेखि बुद्धभूमिसम्म — २७ — गोविन्द श्रेष्ठ

संस्मरण

लुकेको अस्तित्व लुकेरै
अन्त्य भयो — ९ — रामप्रसाद पन्त

समीक्षा / समालोचना

दायित्वका बुंदाहरू :
एक परिशीलन — १७ — दिलप्रसाद रांणा

कविता / गजल / मुक्तक

स्व. कुलचन्द्र कोइराला- ८/ हरि मंजुश्री- १६/ विमल क्षेत्री-२२/ स्वयम्बर 'नेवा',- २६/ रत्नतिधि रेग्मी- ३१/ प्रमोद नेपाल- ३५/ देवेन्द्र गौतम- ३५/ रीता सिंह- ४०/ सिर्जना शर्मा- ४०/ ध्रुवप्रसाद बडाल- ४०/ साथमा:- पुस्तक परिचय / प्रतिक्रिया / साहित्यिक गतिविधि आदि ।

प्रकाशन / कार्यालय	पत्राचार	मूल्य:-
दायित्व प्रकाशन	पो. ब. नं. ६७६६	ने. रू. १०।-
डिल्लीबजार काठमाण्डौ	काठमाण्डौ	भा. रू. १०।-

सम्पादकीय

☐ दायित्वलाई अझ गरिमामय एवं विशेषोपयोगी बनाउँदै विस्तार गर्ने क्रममा दायित्वले आपनो क्षेत्र विस्तारगरी नेपाल बाहिर समेत बजार सुलभ बनाएको कुरा दायित्वका नियमित पाठक वा पूर्णाङ्क २१ का अध्येताहरूलाईअवगतनै होला भन्ने हामीलाई लागेकोछ ।

☐ दायित्वको प्रस्तुत अंकबारे पाठकहरूको मनमा उब्जन सक्ने केही संभावित आशंकाहरूमा स्पष्ट हुनु उपयुक्तनै होला । नियमित प्रकृया अन्तर्गतको भेटवार्ता यस प्रकाशनमा सम्माविष्ट गर्न सकिएन, तुलनात्मक रूपमा भारतीय नेपाली साहित्यकाहरूलाई प्राथमिकता दिइयो, विविध लेख-निबन्धलाई समेट्न सकिएन, नियमित प्रकाशनमा ढिलाई हुन गयो, र पत्रिका दुब्लायो ।

☐ मूलतः साहित्यिक पत्रिका र त्यसैमा पनि निजी प्रयाशमा प्रकाशन हुने दायित्वको व्यथा कुन विज्ञ पाठकबाट लुकेको होला ! भारतीय नेपाली साहित्यिक विशेषाङ्कको आर्थिक थिचाईमा परेर पुरै आधावर्ष उठ्न सकिएन । अहिले पनि उठ्न प्रयास मात्र गरिएको हो-खासि साज बचाउन ।

☐ विशेष अनुरोध स्वीकारेर उपलब्ध हुन आएका भारतीय नेपाली साहित्यकारहरूका धेरै केही रचनाहरू फाइलमै उनिएर थन्किएकाछन् । वरिष्ठ साहित्यकारसंगको भेट्वार्ता पनि फाइलबाट मुक्त हुन सकेन । केही उत्कृष्ट कथा, निबन्ध र समालोचनाहरूको, प्रकाशन पनि चाहेंदा चाहेंदै गर्न सकिएन । केही नव-प्रतिभाहरूलाई उत्साहित गर्ने सानो जमर्को भयो ।

☐ हाम्रा यी कमी कमोजोरीहरूलाई मनन गरेर ती प्रतिभावान् लेखक साहित्यकारहरूले हामीलाई क्षमा प्रदान गर्नु हुनेछ र हामीलाई हौसला दिनु हुनेछ कि उहाँहरूको माया पाएर हामी उत्साहित बन्न सकौं र निर्धारित लक्षतिर उन्मुख भैरहन सकौं । यही आशीर्वादको आकांक्षा गर्दै नववर्ष २०५१ ले सम्पूर्ण नेपालीको घर आंगनमा उज्यालो छरोस्-हाम्रो चाहना ।

रामप्रसाद

विवशताभित्र रहेका इच्छाहरू

–प्रेम प्रधान

अहिले म भर्खर जुलुसबाट आएको छु । जिन्दगीभर कतिपल्ट जुलुसहरूमा भाग लिनु ! चारैतिर चिन्ता र भयको बादलले मलाई छोपेको हुन्छ र म छटपटिरहेको हुन्छु । मेरो अगि केवल समस्याहरू थुप्रिरहेका हुन्छन् । म समस्याको पहाडमा हुन्छु । समस्याको तूफानले मलाई लपेटेको हुन्छ । पेटमा भने भोकको ज्वाला दन्किरहेको हुन्छ । छातीमा व्यथाको शूल गाडिंदै गइरहेको हुन्छ । टाउकोभरि चिन्ताहरू थुप्रिंदै गइरहेका छन् । दाल, भात र डुकुको समस्या थुप्रिंदै जान्छ । एकदिन राम्ररी सुखको सास फेर्न पाइँदैन । चूल्हो नसल्केको दिन अर्को समस्या थपिन जान्छ । यसरी म समस्याहरूको घेराभित्र रहेर जीवन बिताइरहेको हुन्छु । मलाई चारैतिरबाट तीखा शूलहरूले घोचिरहेका हुन्छन् । मेरो छाती नाङ्गो हुँदै गइरहेको हुन्छ । साच्छ, मेरो अगि केवल शून्यता छ । जीवन केही पनि होइन, केवल खल्लो एवं रित्तो शून्यता मात्र छ । जिन्दगीभर निस्सार एवं अन्धकारको घेरामा म लपेटिएको छु ।

आज दिनभरि कहाँ चैं पुगिनँ । भएभरका अफिसहरूका डोका चहारें । आफूले पाएको डिग्री झुन्ड्याएर मात्र पुग्दैन रहेछ । यो जावो डिग्री कति दिनसम्म झुन्ड्याइराख्नु ! नोकरी पाइँदैन । हाम्रो निम्ति कसले बोल्ने ! भोट दिएर जिताएका नेताहरू आपनै स्वार्थमा मस्त छन् । यो देशमा अल्पसंख्यक भएर बाँच्नु पनि एउटा अभिशाप हो । हाम्रो निम्ति कसले विचार गरिदिने ? खै, हाम्रो आकाश ? मलाई अब एउटा बलियो घर र बलियो आस्था चाहिन्छ ! म कति दिन उफिरहूँ ! भ्यागुता झैं दहमा कराइरहूँ ! साच्छ हामी सब भ्यागुता हौं । हामी रातमा उड्ने चमेरा हौं । मेरो उमेर यसरी नै ढल्किंदै गइरहेको हुन्छ । रूखहरू बढिरहेका नै हुन्छन् । यसरी म के के संझिरहेको हुन्छु ।

'के सोचेको यस्तो ?'

म झस्याङ्ग हुन्छु । के के सोच्न पुगेछु । मुखमा चुरोट सल्काउँछु अनि एकै क्षणमा चुरोट पर्याकिदिन्छु । 'के सोचेको यस्तो ?' भाउजूले फेरि भनिरहेकी थिई । अहिलेसम्म मस्तिष्कमा सोचेको सबै बिचार एकातिर पन्साउँछु । उसले मलाई एकटकले हेरिरहेकी हुन्छे ।

'चिया सेलाउँछ ! छिटो खाऊ ...'

म केही भन्न सबिदनँ । भाउजूलाई म हेर्छु । उसको आकर्षक यौवनमाथि माया जाग्दछ । उसको भरभराउँदो उमेरमाथि टीठ लाग्दछ । त्यसैले बुनैबेला उसलाई माया गर्न मन लाग्छ । मैले भन्दा बढ्ता त माला भाउजूले समस्या भोग्नुपरेको छ । अनि त्यसदिनको घटना संझन्छु । आर्मी हेड क्वार्टरबाट टेलिग्राम आएको झाँस, भाउजूले बाईं फुटाएको क्षण । दाजू बंगलादेशको

मुक्ति-आन्दोलनमा मारिएको खबर-अहो ! कति भारतीय सेनाहरूले आपनो बलिदान दिए होलान् ! हाम्रा भाउजूहरूले बाईं फुटाए होलान् ! सिंदूर पुछे होलान् ! अहो ! हामीले यस देशको निम्ति मात्र बलिदान दिएका रहेनछौं । हामीले बंगलादेशको स्वतन्त्रता संग्राममा पनि आपनो बलिदान दिएछौं, रगत दिएछौं र देशको मर्यादा बढाएछौं । त्यसबेला भाउजूको स्थिति समालि नसक्नु भएको थियो । भाउजूले मलाई जोडले पक्रिएर रुन थालेकी थिई । मेरो छातीमा उसले टाउको राखेकी थिई । मैले उसलाई सान्त्वना दिएको थिएँ । यद्यपि भाउजू मभन्दा केवल एक वर्षमात्र ठूली थिई ।

'तपाई नरुनोस् भाउजू ! दाजूले देशका निम्ति वीरगति प्राप्त गरेका छन् ।'– मैले भनेको थिएँ ।

'अनि मेरो पाँच वर्षको छोरो प्रकाश !'

'प्रकाश मेरो भतीजा हो । तपाईको हेरचाह गर्ने अनि प्रकाशलाई पढाउने र बढाउने उत्तरदायित्व म बोक्छु····· '—मैले भनेको थिएँ ।

त्यस दिनको डरलाग्दो भूईंचालोले हाम्रो घर भत्काएको थियो । भाउजूको छातीमा बेसुभियस बिस्फोट भएको थियो ।

भाउजू भान्सा-कोठातिर लागिसकेकी थिइ । मैले चिया पिउन शुरू गरें । चुरोट सल्काएँ अनि मुखमा च्यापें । खै अब कता जानु ! खै हाम्रो बाटो ! म सोच्न थाल्छु । म निरुद्देश्य हुन्छु । मनभित्र भने एउटा आतेश जन्मिन्छ ।

आज पनि म अबेर घर फिरिरहेको छु । एक पैसा कमाउन सकेको छुइनँ । प्रकाशको स्कूलको ट्युशन फी तिर्नुपर्ने, त्यो पनि तिर्न सकेको छुइनँ । दुई महीना भइसक्यो महाजनको बिल थुप्रिएकोछ । सब्जीवाला, दूध वाला, बिजुली, घरको किराया, रासन, कोइला आदिको बिल पनि त्यत्तिकै छ । आज भाउजूलाई कसरी मुख देखाउनु ! दाजुको मृत्युपछि यो भार मलाई आइपरेको छ, तर म बेकार छु ।

रात धेरै बितिसकेछ । म घर फर्किरहेको छु । घरको ढोका बन्द थियो । झ्यालमा भने पर्दा थिएन । मैले झ्यालबाट भित्र हेरें । तर मैले के देखें ! मैले त्यो सोच्न पनि सकेको छुइनँ । त्यो घटना सपनामा घटेको झैं लाग्यो । भाउजू एउटा डरलाग्दो तूफानको भुमरीमा लटपटिएकी थिई । हावाले उसको सम्पूर्णतालाई नै विवश बनाएको थियो । ऊ फूलका पत्रदल झैं छरपष्टिएकी थिई । एउटा कालो आकृति कोठामा उभिएको थियो । टेबलमा पचास रुपियाँको एउटा नोट थियो । केही क्षणमा म कोठाभित्र पसें । त्यो कालो छाया बाहिर निस्किसकेको थियो ।

भाउजू मौन थिई । उसको मौनता मैले भंग गरिनँ । तर उसको आँखाबाट झरेको आँसुको थोपामा केवल एउटा विवशता थियो । उसले आफ्नो अस्तव्यस्त शरीर छल्ने कोशिश गरिरहेकी थिई, तर मैले अनायास त्यो दृश्य देखेको थिएँ । उसको अनुहार विक्षोभले भरिएको थियो । त्यो दर्दपूर्ण स्थितिमा उसका आँखाहरू परास्त भएका थिए । भाउजूले मलाई छाँद हाल्न आइपुगी र सुँकसुँकाउँदै रुन थाली ।

'जीवन, म विवश भएकी छु । अहिले घरको स्थितिले चरम सीमा नाघेको छ । मलाई क्षमा गर !'

उसले रुँदै भन्न थाली, 'जीवन ! घरमा चूल्हो सल्केको छैन '

'मलाई थाहा छ, भाउजू ! मैले स्थिति बुझेको छु '—मैले भनें ।

'जीवन, यो प्रथम घटना हो । दाजूको मृत्युपछि यो घर कसरी चलिरहेको छ ! तिमीले सोचेका छौ ?

तिम्रो दाजूले यो देशको निम्ति दिएको बलिदानको स्थितिमा जन्मिएको समस्या हो यो ! मेरो सिंदूर पुछियो अनि प्रकाश टुहुरो भयो ।'—भाउजूले भनी ।

भाउजू उत्तेजित भएर उसको मनमा आएका कुराहरू पोख्न थाली ।

'जीवन ! घरवाला दुई महीनाको घर-खर्चमा मान्न आएको थियो । म बिबश थिएँ । मेरो चलबाट विरोध भए तापनि उसले स्थितिको फायदा उठायो । यस घरि कहाँबाट तीन सय रुपियाँ ल्याउने !'—उसले फेरि भनी ।

म मौन थिएँ । मलाई थाहा छ भाउजू ! कति बिबश आएको थिई भन्ने । तर अब यस्तो घटना फेरि घट्नेछैन भन्ने विश्वास मैले गरें । त्यस रातभरि हुँ र बतास सँवसँगै म पनि छटपटिरहें । शायद, भाउजू पनि त्यसरी नै छटपटि रही । बाहिर रुखहरू थर-थर कामिरहेका थिए ।

'टेबलमा पचास रुपियाँको नोट त्यत्तिकै थियो । उसले आफ्नो समस्यासित साटेको पचास रुपियाँ, यो देशको इज्जत र मर्यादासँग सम्बन्धित छ ।' म सोच्छु मेरो दाजूको बलिदानमा खडा भएको स्थिति नै पचास रुपियाँको नोट हो ।

म चुरोटभित्र सल्किंदै गइरहेको हुन्छु । भाउजूले मेरो निम्ति सुइटर बुन्न थालेकी हुन्छे । म अझ गहिरो सोचमा पर्छु । मैले अहिलेसम्म माला भाउजूलाई केही दिन सकेको छुइनें । मैले न दाल, भात र ढुकुको समस्या हल गर्न सकें, न त भाउजूको स्थिति समाल्न सकें ।

एकदिन भाउजूले मलाई जिस्किंदै भनी—'जीवन ! तिमीले बिहे नगर्ने ?'

'पहिला एक दुई समस्या हल गरौं न त '–मैले भनें ।

'जीवन ! अहिले त हाम्रो आर्थिक स्थिति पनि केही सुध्रिएको छ ।

'तर म अझ केही गर्न चाहन्छु । मेरो इच्छा दिनै दिनें बढ्दै जान्छ···'

'इच्छा भन्ने कुरा सधैं बढ्दै जान्छ । त्यो सीमित हुँदैन । समस्या भन्ने कुरो पनि त्यस्तै हो ।'—भाउजूले भावुक भएर भनी ।

'हो भाउजू, समस्या र इच्छा भन्ने कुराहरू हाम्रो जीवनसँग अति सम्बन्धित हुन्छन् ··'—मैले भनें ।

'जीवन ! तिमीले स्वास्नीमान्छेको स्थिति, समस्या कहिले बुझेका छौ ? यस सम्बन्धमा जान्ने इच्छा कहिले गरेका छौ ?'—भाउजूले एकदिन कुरैकुरामा भनी ।

मैले उसको त्यो प्रश्नको उत्तर दिन सकिनें । उसको जवाफ नपाउँदा भाउजू रिसाएको झैं लाग्यो । उसको प्रश्नको जवाफ म कसरी दिन सक्थें र !

भाउजूले वास्तबमा के भन्न चाहेकी थिई, त्यो प्रश्न मैले बुझेको थिइनें । कुन्नि किन त्यसरात भाउजू भोकै सुतेकी थिई । म रातभरि सोचमा छटपटिरहें ।

त्यसदिन हामी प्रकाशलाई स्कूल पुऱ्याउन गएका थियौं । प्रकाश दाजूको एक मात्र सम्झनाको चिह्न थियो । हामी बजारमा केही बेर भुलियौं । घर फर्कंदा बाटोमा एक जोडी सेता परेवाहरू प्रेम–क्रीडा गरिरहेका थिए । भाउजूले अनायास मेरो हात पक्रेर भनी 'जीवन ! पंक्षीहरूमा पनि कस्तो प्रेम हुँदो रहेछ । हेर न पर ।

'हो भाउजू !' त्यति भनेर मैले एउटा ढुंगा टिपेर परेवालाई हिर्काएँ । ढुंगाको चोटले पोथी परेवा घाइते भई अनि भाले परेवा ठहरै मऱ्यो ।

'जीवन ! के गरेको ! त्यसो गर्नु हुन्न ! तिनीहरूको प्रेम- आलापलाई किन छुट्याउँछौ ? हेर ! बिचरा पोथी

परेवालाई चोट पऱ्यो···' उसले परेवालाई सुम्सुम्याउन थाली । घरमा लगेर केही औषधी लगाइदिई र पट्टी बाँधिदिई ।

'जीवन ! हेर, यो पोथी परेवा घाइते भएको छ । तिम्रो निर्दयताले गर्दा भाले परेवाको मृत्यु भयो । तिमीले पापको अनुभव गरेनौ ?'

भाउजूको प्रश्नमा साँच्चै नै वास्तविकता थियो । मैले त्यो पोथी परेवालाई सुम्सुम्याएँ । भाउजू केही खुशी भई । त्यसबेला उसले आनन्दको उपभोग गरेझैं अनुभव गरी ।

'शायद तिमीलाई माया लाग्यो होला ! यो पोथी परेवाले भोग्नुपरेको स्थिति बुझ्न सक्यौ के ?'— उसले भनी ।

कुरो बुझ्न सकिनँ'—मैले भनें ।

'यो परेवा विधवा भएकी छ । तसर्थ यसको मनमा आफ्नो प्रेमी वा भालेप्रति भएको प्रेमले अत्यन्त दुखित बनेकी छ । यो परेवी घाइते स्थितिमा पनि अरू भाले परेवासँग मिसिन चाहन्छे । हेर त ! यो अर्को परेवासँग मिसिन चाहन्छे । हेर त ! यो अर्को परेवासँग प्रेम गर्न थालेको !' त्यो परेवा लँगडो भएर हिंड्दै गएको र भाले परेवासँग प्रेम गर्न थालेको मैले पनि हेरिरहें ।

'हेर ! परेवाको इच्छा पनि हाम्रो जस्तै हो । जीवन ! तिम्रोमा त्यस्तो भावना हुँदैन ?'—भाउजूले भनी ।

भाउजूले राखेका प्रश्नहरूको जवाफ म दिन सक्दिनथिएँ । 'जीवन ! परेवालाई पनि स्वतन्त्र जीवन चाहिन्छ ।'

'यसले एकलोपनको बोध गर्छ । तिमीले आफूलाई एकलोपनको महसूस गरेका छौ ?

भाउजूका प्रश्नहरूको प्रहारले मलाई दिन-प्रतिदिन असहज बनाइरहेको थियो ।

एकदिन भाउजू अति उत्तेजित भएको देखें । घाइते परेवा जाती भइसकेको थियो । त्यो परेवाले आफ्नो प्रिय भालेलाई भुलिसकेको थियो । त्यो अन्य भाले परेवासँग प्रेमकीडा गरेर खुशी बन्न थालेको थियो । त्यो देखेर नै शायद भाउजू उत्तेजित भएकी थिई कि ! उसको सुन्दर एवं आकर्षक रूप देखेर मैले उसलाई हेरिरहें ।

'माला भाउजू ! आज तपाई कति सुन्दर देखिनु हुन्छ !'—मैले भनें ।

'तिमीले मन पराएको सारी लगाएकी छु तिमीले बजारबाट ल्याइदिएको···' मेरो छेउमा उभिएर उसले भनी । त्यसबेला भाउजू अति उत्तेजित भएकी थिई । उसले मलाई केही भन्न चाहेको जस्तो लाग्यो । उसको सुन्दर आँखाले केही खोजिरहेको झैं लाग्यो ।

'जीवन ! आज धेरै दिनपछि तिम्रो दाजूको संझना भयो । मैले उसलाई सपनामा पनि देखें । हामी कहीं घुम्न गएका थियौं । फूलबारी, जङ्गल, खोलानालाको सुन्दर दृश्य हामीले हेरिरहेका थियौं । तिम्रो दाजू आँपको रूखमा चढेर आँप चुसिरहेका थिए । उकालो बाटोमा हिंड्दा थकाइ लागेको थियो । उनले मलाई एउटा लट्ठी दिंदै उकाली बाटोमा तानिरहेका थिए । केही क्षणमा हामी एउटा घरमा थियौं । मैले घरको ढोका खोलेकी थिएँ । घरभित्र मैले तिम्रो दाजूलाई तानिरहेकी थिएँ । तर अचानक उनी अल्पिए । म एकलै थिएँ । मलाई केही हिंसक पशुहरूले नङ्ग्याइरहेका थिए । तर त्यसैबेला म ब्यूँझें—भाउजूले भनी ।

दाजूको सम्झनामा भाउजूको आँखाभरि आँसु आएको देखें । मैले उसको आँखालाई हेरिरहें । उसले बुन्दै गरेको मेरो सुइटर छातीमा राखेकी थिई । केही

अघि देखिएको उसको उत्तेजित अवस्था अहिले शान्त भएको थियो ।

'भाउजू ! म पनि तपाईलाई कसरी सुखी बनाऊँ भन्ने कुरा सोचिरहेको हुन्छु'—मैले भाउजूको अवस्था देखेर भनें ।

'जीवन, तिमीले मलाई सुख दिइरहेका नै छौ। आज म दाल, भात र डुकुको समस्यामा छुइनें । भरपेट खाएर राम्रो लुगाफाटो लगाएर जीवन बिताउँदा पनि आफूलाई के के कुराको अभाव भइरहेको महसूस हुन्छ । तिमीले त्यस्तो अनुभव गरेका छैनौ ?'—भाउजूले भनी ।

'भाउजू ! मलाई त्यस्तो कुराको अनुभव भएको छैन, तर मनमा भने नाना थरीका कुरा खेल्दा मेरो अघि समाज, धर्म र आदर्शको कुरा आउँछ । एक त परेवालाई विधवा बनाएकोमा मलाई पापको बोध भइरहेको छ ···'—मैले भनें ।

'तिम्रो मनमा त्यो विधवा परेवाप्रति उब्जेको भावनालाई म कदर गर्छु, तर त्यो परेवालाई पनि सुख चाहिन्छ । त्यसले हिजो-आज नयाँ भाले पाएकोमा खुशी बनेकी छ । त्यो परेवाले आफ्नो जोडा खोजेको तिमीलाई कस्तो लाग्छ ?'—भाउजूले भनी ।

तर म निरुत्तर बनें । उसको प्रश्नको उत्तर उसले खोजिरही । म चुप रहेको देखेर ऊ झोकिन थाली। उसको उज्ज्वल अनुहारमा हठात् परिवर्तन भएर अन्धकार रातले छोपेको झैं लाग्यो । त्यो चञ्चल एवं आकर्षक चक्षुमा एकाएक शून्यता छायो । आखिरी भाउजू के चाहन्थी भन्ने कुराको आशंका मनमनमा भइरह्यो। भाउजूको चरम स्थिति अग्निको एक ज्वाला झैं लागेको थियो । उसको उन्मादले भरिएको शरीरमा साँच्चै नै भूकम्प आएको हुन सक्छ । तर त्यतिबेला नै प्रकाशको आगमनले स्थितिमा सुधार ल्याएो। माला भाउजूको एकाग्रता भङ्ग भयो । शायद, त्यस समयमा ऊ वास्तविक स्थितिमा आइपुगेकी थिई ।

दिनहरू बितिरहँदा मेरो मनमा द्वन्द्वपूर्ण विचारले आक्रमण गरिरहेको हुन्थ्यो । मैले घर छोडेर कतै काम गर्ने इच्छा गरेको थिएँ । तर भाउजूमा आएको परिवर्तन ले मलाई घरमा बस्न नै बाध्य गरायो । ऊ सधैं चिन्ता मा डुबेर छटपटिरहेकी हुन्थी, ऊ केही कुराको अभावमा आफूलाई आकुल भएको ठान्थी । वास्तवमा भाउजूको स्थिति त्यसरी किन बिग्रिंदै गएको थियो भन्ने कुराको आशंका मात्र मैले गरेको थिएँ । कतै, दाजुको अनुपस्थितिमा ऊ त्यसरी छटपटिएकी त होइन ? उसले आफूलाई एकान्तपनको महसूस त गरेकी होइन ? तर प्रकाश अनि मेरो उपस्थितिमा पनि उसले किन आफूलाई एकान्तको अनुभव गर्छे ? यी प्रश्नहरूले मलाई प्रहार गरिरहेका नै हुन्छन् ।

जीवन ! व्यक्तिलाई परितुष्ट पार्न अन्य चाहनाहरू पनि छन् जस्तो लाग्छ । हेर न ! त्यो परेवा अहिले दुःखित छैन । त्यसले हिजो-आज सुखको जीवन बिताउन थालेकी छ । त्यो स्वतन्त्र छ र स्वतन्त्र भएर आफ्ना इच्छाहरू परितुष्ट पारिरहेकी छ । त्यसको अघि बाधा दिने समाज र धर्म भन्ने कुराहरू छैनन् । त्यसैले कुनै वेला म पनि त्यो पक्षी भएर उडेको कल्पना गर्छु'—एक दिन भाउजूले भनी ।

'जीवन ! तिम्रो शरीर किन यति दुर्बल ! तिमीलाई केको सुर्ता छ ?' उसले कुरैकुरामा एक दिन भनी ।

'भाउजू ! मेरो शरीर त यस्तै हो सानैदेखिको···! बरु तपाई पो अझ दुर्बल हुँदै गइरहनुभएको छ '—मैले भनें ।

'जीवन ! मलाई खानेकुरा त्यति रुचि छैन । आफूलाई भोको छु जस्तो अनुभव हुन्छ । शरीरले केही कुरो

मागेको जस्तो लाग्छ । शरीरमा अग्नि-ज्वालाले आक्रमण गरेको अनुभव पनि हुन्छ । त्यसबेला मेरो मन चिन्तित बन्छ र अचेतन अवस्थामा पुगेको जस्तो लाग्छ । कुनै बेला आकाशमा उडिहिड्ने गिद्धहरूले मृत लाशहरू लुछेर खाएको जस्तो लाग्छ ···'—उसले कुरैकुरामा एकदिन भनी ।

'त्यस्तो अनुभव किन हुन्छ त्यो थाहा छैन, तर समय-समयमा देखेको सपनामा आफैलाई आनन्दको सागरमा डुबेको छु जस्तो लाग्छ । रूखहरूमा चढेर त्यसका फलहरू उपभोग गर्दा पाएको अनुभव पनि मीठो सपना हो । सपनामा तीक्ष्ण भालाहरूले प्रहार गरेको शरीर एउटा मीठो अनुभूति हो '—उसले भनेकी थिई ।

'जीवन ! मैले आफूलाई संयम गर्ने कोशिश गर्छु । मेरो अगि समाज, आदर्श र नैतिकता उभिएको छ भनेर तिमीले भनेको कुरा मनमा खेलिरहन्छ । तिमीले लक्ष्मण रेखा पार नगर्नु नै आदर्श संझ्ची । मैले कुनैबेला अवश्य नै लक्ष्मण रेखा पार गरें हुँला, तर त्यो त समस्या-भित्र पुरेको बेला नै घटेको घटना थियो । जीवन ! मेरो मनमा द्वन्द्व उम्रिन्छ, त्यसैले कुनैबेला आफूलाई उग्ररूप धारण गरेको पाउँछु कुनैबेला मेरो शरीरलाई कसैले लुछेको जस्तो लाग्दा मेरो अघि धर्म र नैतिकता भन्ने कुरो पतन हुन खोज्छ···'—उसले भनेकी थिई ।

भाउजुको त्यो आकर्षक रूप र यौवन किन हो किन मुर्झाउँदै गएको अनुभव मैले गर्न थालें । त्यसरी सधैं दुःखित र चिन्तित बनिरहँदा ऊ रोगिँदै गएकी थिई । उसको शरीर दुर्बल भएर गइरहेको थियो । उसको त्यो रातो आइफल जस्तो अनुहार पहेंलो भएको थियो । भाउजुको मुर्झाएको शरीरप्रति म एकाएक दुःखित बनें । उसमा सुन्दर फूल र उच्च हिमालको आकर्षण थिएन । दिन-रात उसको स्याहार गर्नु मेरो कर्तव्य नै भएको थियो । उसको बिमारी अवस्था जांच गरेपछि डाक्टरले भन्यो—'रोगीमा केही बिमार छैन, तर उसको बिमार केवल मानसिक बिमार हो । ऊ मनोग्रस्तताको रोगले पीडित भएकी मात्र हो । उसको उमेर पनि ज्यादा होइन ।'

'यस्तो रोग कसरी लाग्यो, डाक्टर ?—मैले प्रश्न गरें ।

'मानिसका कतिपय शारीरिक इच्छाहरू हुन्छन् । शरीरलाई खाना र पोषणको मात्र आवश्यकता पर्दैन, तर कति अवयवको पनि आवश्यकता पर्छ । इच्छाहरू मनभित्र नै संप्रेषित हुँदा मानिसको स्थिति बिग्रिन्छ । मनमा चिंता एवं मानसिक द्वन्द्व यौन असंतुष्टताले गर्दा पनि हुन्छ । रोगीको पति यहाँ छैन ?'—डाक्टरले भन्यो । 'रोगीको पति छैन, डाक्टर···धेरै भयो लडाईंमा वीरगति प्राप्त गरेको···'—मैले भनें ।

'रोगीका दमित इच्छाहरू परितृप्त भए रोगी आफैं आफ स्वस्थ हुन्छे । यस घरि उसलाई बढ्ता हेरचाहको आवश्यकता छ । मानसिक तनाव बढ्दै गए, स्थिति झन् बिग्रिन्छ । स्थितिमा सुधार भएपछि उसलाई स्वतन्त्र वातावरणमा छोडिदिनुपर्छ । भरमक उसले एउटा नयाँ जीवनको शुरुआत गर्नुपर्छ ।' डाक्टरले भन्यो ।

मैले सबै कुरा बुझिसकेको छु माला भाउजूको स्थितिमा सुधार हुँदै आइरहेको छ । मैले उसलाई बचाउने नै हो भने उसको मनोभावना बुझ्नुपर्छ अनि यतिका वर्षसम्मको धैर्य बाँध तोड्नुपर्छ । मेरो अगि लक्ष्मण रेखा हुँदैन । तर मेरो मनमा एउटा बिरोधको भावना उम्रिन्छ । अहँ, म कदापि त्यस्तो कदम उठाउने छुइनँ, जहाँ पाप, अधर्म एवं अनैतिकता छ । म द्वन्द्वमा बाँच्न चाहन्नथें ।

'भाउजू ! तपाईले आफ्नो इच्छा परितृप्तिको लागि र स्वतन्त्र हुनको निम्ति म बाधक बन्ने छुइनँ…'←भन्न आहेर पनि भन्न सकिनँ ।

तर भाउजूको स्वास्थ्यमा केही सुधार आएको देखिए पनि उसमा केही परिवर्तन पाइएन । हठात्, भाउजूको स्थिति बिग्रिएर गयो । उसमा फेरि चिन्ता, छटपट एवं आकुलताको भावना उग्र भएर गयो । एकदिन रूखका पातहरू पहेंलिएर खस्दा म भयभीत भएँ । हुरी र बतास आएर बल्दै गरेको दीयो ज्याप्प निभाइदियो । म भयभीत भएर भाउजूको अनुहारमा हेर्न थालें । तर भाउजूले हामीलाई छोडेर गइसकेकी थिई । मेरो आँखामा ममताको आँसुको बाढी आयो । भाउजूको मृत्युले मेरो जीवनमोड बदलिदियो । भाउजू इच्छाहरू लिएर बाँचेकी थिई तर त्यो कहिले सफल हुन सकेन । मैले शून्य आकाशलाई हेरें—मैले चारैतिर शून्यता मात्र देखें, मेरो मनमा भाउजूप्रति भएको स्नेह व्याप्त भइरहेकै थियो । मैले आफैलाई केही क्षण भुल्ने कोशिश गरें ।

अहिले म एकलै छटपटिरहेको छु । समय-समयमा भाउजूले बिताएका दुःखित एवं चिन्तित जीवनको संझना हुन्छ । म कुनै बेला संझदा–संझदै चेतन अवस्थादेखि अचेतन अवस्थामा पुग्छु । भाउजूको मृत्यु मेरो कारणले भएको त होइन भन्ने प्रश्नहरू पनि मनमा आइरहन्छन्, तर मैले आदर्श र धर्मको पक्ष लिएको थिएँ । आफ्नो नैतिकतालाई खण्डित गर्न सकिनँ । भाउजू पनि त्यो सेतो परेवा झैं । तर त्यो परेवाको जोडा भाले मारेकोमा भने मलाई पश्चात्ताप लागेको थियो । पोथी परेवाले भोगेको जीवन भाउजूले पनि भोगेकी थिई । तर त्यस परेवाले एउटा नयाँ जीवन पाएको थियो । त्यसको विपरित भाउजूले कुनै नयाँ जीवन पाउन सकिन ।

दार्जीलिङ ।

On The
HAPPY NEW YEAR 2051
We Wish Prosperity & Succes to all Our Readers

Patrons and Well Wisher

STRUCTO NEPAL (P) Ltd

Patan Industrial Estate

Cable : ESEN, P. O. Box 228, ☎ : 521192, Lalitpar, Kathmandu.

कविता

एउटा पत्र

–स्व. कुलचन्द्र कोइराला

हे प्यारी कमले ! म झल्झल सधैं तिम्रै लिई संझना
कल्पेको छु म रून्छु स्वप्नबिचमा तिम्रै बुनी तर्कना
के होला तिमिलाई भन्छ मनले, चिन्ता म बोक्ने भएँ
आऊँथें संगिनी म भुर्र उडने सानू चरो भैंदिए ॥१॥
चाँडै आउँछु हैं भनेर पहिले मागें बिदा आउँदा
बस्छू तुल्बुल भैं म छिन्न झगडा बाँकी बसेको हुँदा
चिन्ताले मन पोल्छ पिल्पिल तिमी रून्छ्यौ कि भन्ने परी
यों इच्छा मनको अपूर्ण रहने यस्तै छ रे जिन्दगी ॥२॥
खाई औषध पथ्य सेवन गरी बस्नू तिमीले सधैं
चिन्ता वा पिर बयैं नलेउ मनमा आयो भनी संझेंदै
पर्सी आउँछु हैं अवश्य, तिमिले साँचो कुरा संझिद्यौ
विन्ती गर्छु, छ त्यो भने हृदयमा सुर्ता कुनै बिसिद्यौ ॥३॥

–२०२० आश्विन ८ गते

(कुलचन्द्र कोइरालाले रौतहट–चन्द्रनिगाहपुरबाट सिन्धुलीमा बसेकी आपनी धर्मपत्नीलाई २०२० साल असोज ८ गते लेख्नुभएको पत्र हो यो । कविता सौजन्य – हरि मञ्जुश्री)

Best wishes For

HAPPY AND PROSPEREOUS

NEW YEAR 2051

YANGRIMA TOURS & TRAVELS (P) LTD.

Kantipath, Kathmandu, Nepal, Cable : YANGRIMA P. O. Box 2951

Telex : 2474, Tel. No. : 225608, 226262

लुकेको अस्तित्व लुकेरै अन्त्य भयो

—रामप्रसाद पन्त

मानिसहरू सबै एकै नासका हुँदैनन् कुनै बाँचेर पनि मरेका हुन्छन् त कुनै मरेर पनि अमर रहन्छन् । 'वरमेको गुणीपुत्रो न च मूर्ख शतान्यपि'—हो स्वार्थी लाचारी अल्सी र विवेकहीन मूर्ख प्राणीहरू लाखौं हुनु भन्दा कर्मठ विवेकशील र दयावान प्राणी एउटै हुनु वेश । यस्तै एक असल व्यक्तित्वको वारेमा म आज अम्झनाका केही शब्द सौगातहरू अर्पण गर्न जाँदैछु । त्यो त्यही व्यक्तित्व हो—जसले व्यक्तिगत सीमित स्वार्थको संकुचित घेराबाट घेरै माथि उठेर समग्र समाज एवं देश कै लागि केही दियो तर कसम केही लिएन । आफ्नै बाहुबल र बुद्धि विवेकले जो आर्जन गऱ्यो त्यसको पूर्ण विन्दु जीवनको उत्तरार्ध-सम्म पनि पूर्णतिपूर्ण भै पूर्णतामा कहिले प्रश्न चिह्न ल गेन । लाग्न सकेन । त्यो अदृष्य व्यक्तित्वको नाम हो—रामचन्द्र शर्मा ।

श्री शर्माज्यूको पैत्रिकथलो वीरगंज भएपनि पिता (साईंला भाइ) राणा प्रधानमन्त्रीहरूको दरबारमा मूलत टयूटर (निजीशिक्षक) को काम गर्ने हुँदा उहाँको जन्म वि. सं. १९५५ मा काठमाडौं थापाथलीमा भएको थियो । जेठा सानैमा दिवंगत भएका र कान्छा पुरेत्याई पेशामा लागेका हुँदा घरका प्रमुख हर्ताकर्ता माईंला भाइ थिए । जसको रेखदेख र संरक्षणमा रहेर श्रीशर्माज्यूले बाल्यकालका केही वर्ष व्यतित गर्नु भयो ।

शर्माज्यू भन्नु हुन्थ्यो—माईंला बाबुको क्रुर व्यवहार र कटु वचनले गर्दा नै मैले कठोर परिश्रम गरी स्वावलम्बी जीवन बिताउन सकें । यसको श्रेय म तिनै माईंला बाबु-लाई दिन चाहन्छु—उनका तीखा वागवाणले मेरो मुटु न वेधिएको भए म आफ्नो जीवनको महान संघर्षमा होमिन सक्ने थिइन होला सायद । यस अर्थमा मैले ती मेरा माईंला काकालाई प्रेरणाश्रोत ठानेको छु । बाल्यकालमा भएका घटनाहरूलाई उहाँले यसै प्रकारसंग बिस्तार गर्नु हुन्थ्यो—जुद्ध समसेरको पालामा एकजना बंगाली दरबार-मा आएछ, जुद्ध समसेरले उस्लाई राजनैतिक सल्लाह-कारको रुपमा राखेछन्, उसले दिएका नीति नियमहरू एउटा स्वतन्त्रराष्ट्र र नेपाली नागरिकका लागि अहित-कर देखेर पिता उहाँले विरोध जनाउनु भएछ, यिनै विचार-हरूमा मनोमालिन्य भएपछि पिताले त्यागपत्र दिएर दरभंगा (भारत) मा गै एउटा हाइस्कूलमा इन्सपेक्टरको रुपमा काम गर्न थाल्नु भएछ । त्यसबेला उहाँको तलब मासिक रू. २५०'— थियो रे ! जबकि घोडा गाडी तथा नोकर चाकर राखेर पनि मासिक रू. ३०।— मा सम्पूर्ण खर्च चल्थ्यो रे !

पिताको दरभंगा गमन गछि माइला बाबु पनि मुजफ्फरपुरमा गै बस्ने निर्णय गरेछन् । छुट्टीभिन्न नभए-कोले दुई भाई सहित आमाको साथमा श्रीशर्माज्यू पनि

मुजफ्फरपुर जानु भयो । माईला बाबुको अहितकारी व्यवहारले गर्दा उहाँलाई सँगै बस्न मन परेको थिएन । र बाबुसँग जान सक्ने तत्कालिन अवस्था पनि थिएन । उहाँले स्कूल पढिरहेकै बेला बारव १५।१६ वर्षको उमेर-मा माईला बाबुले भनेछन्-तेरा बाबु तैंले जति पढेर त्यतिका पैसा कमाएर ठाँटबाँटसग बसेका छन्, उनीलाई सम्पत्तिको पनि कुनै माया छैन फेरि तेलाई के माया भयो र बुरेर बस्छस् ! अनि यसभन्दा बढि पढेर पनि के नै लछाछैस् ! शर्माज्यूले भनाइको आशय स्पष्ट बुझ्नु भएछ र सम्पत्तिको एक टुक्रा पनि नलिने संकल्प गरेर घरबाट निस्कनु भएछ । त्यहाँबाट उहाँ सिधै बनारस मालवियजी (जो पिताका साथी हुनुहुन्थ्यो) कहाँ पुगेर आफ्नो लागि केही बन्दोबस्त गरी दिने आग्रह गर्नु भएछ ।

त्यसवेला भारतमा अंग्रेज विरुद्ध सत्याग्रहको आन्दोलन चलिरहेको थियो । मालवीयजीको सल्लाह अनुसार उहाँ कलकत्ता गै कांग्रेसको मेम्बर भै सत्याग्रहमा होमिनु भयो । तर पक्राउ पनि नपरेको र पैसा पनि सकिंदै गएकोले खानेपीने समस्याले पिरोल्न थाल्यो । अरू उपाय नभएपछि उहाँले बाबुलाई दरभंगा चिठी लेखेर मनि-अर्डरबाट रू. बीस प्राप्त गर्नु भयो । शर्माज्यू भन्नुहुन्थ्यो-त्यसवेला मासिक कोठा किराया पाँच रुपैयाँ र खानाखर्च ६ रुपैयाँ गरी जम्मा एघार रुपैयाले मेरो महिना मजासंग चल्थ्यो ।

पैसा पठाई दिएको कुरा माईला बाबुलाई थाहा भएछ, उनीले चिठी लेखेछन्- 'कसैको पैसा खान्न भन्ने घमण्ड गर्थिस्, खान परेछ नि !, त्यो चिठी पाएपछि उहाँले साँच्चै नै कसम खानु भएछ- बाबु आमा वा जो सुकै किन नहोउन् अब मैले कसैको कमाई खाने छैन, अनि बाबुलाई चिठी लेख्नु भएछ-आयन्दा पैसा नपठाउनु होला, मैले नमागेसम्म ।

प्रतीज्ञा त गर्नु भयो तर काम मिलेन । एक रुपैयाँ मात्र बाँकि रहेपछि उहाँले त्यो पैसाको चना किनेर हप्ता दिन टार्नु भयो रे ! छिमेकमा बस्ने एकजना पश्चिमे बाहुन जोशीले शर्माज्यूलाई चिन्तित अवस्थामा देखेर सोधेछन्- उहाँले आफ्नो वास्तविकस्थिति बताएपछि जोशीजीले भनेछन्- तपाई साँझ बिहान त पार्टीको काम गर्नु हुन्छ, दिउँसोमा अरू केही काम गर्नु भए भैहाल्छ नि, बरु जाउँ मेरो अफिसमा केही सिकिन्छ, केही अनुभव हुन्छ ।

जोशीजी एउटा जुट कारखानामा जुट खरिद बिक्री गर्दा रहेछन्, जसबाट उनीलाई सयकडा एक नाफा हुँदो रहेछ । जोशीसँगै जुट कारखानामा जाने आउने क्रममा एकदिन एकजना मान्छे अंग्रेजीमा चिठी लेखाउन आएछ । जोशीजीलाई फुर्सद नभएकोले शर्माज्यूले चिठी पढेर पत्रवालाले भने अनुसार जवाफ लेखी दिनु भएछ । लेखाउने मान्छेले नपत्याएर जोशीजीलाई देखाएछ, त्यो चिठी पढेर जोशीजी चकित परेछन्-अहो ! यस्तो चिठी त मलाई पनि लेख्न आउँदैन यस्तो प्रतिभालाई कसरी लुकाएर राख्न सक्नु भएको ! हिंड्ने बेलामा पत्रवालाले चिठी लेखाए बापत एक रुपैया दिएछ तर शर्माज्यूले लिनु भएन छ-यो त एउटा सानो सहयोग हो, मैले गर्नु पर्ने कर्तव्य । कति जोड गर्दा पनि नलिएपछि त्यो पैसा जोशीजीले लिएछन् र घर फर्कदा शर्माज्यूलाई भनेछन्-शर्माजी ! तपाईंले पढ्दा पनि त केही मिहिनेत गर्नु परेथ्यो, केही खर्च गर्नु परेथ्यो, त्यो लगानी त उठाउनु पर्यो नि होइन र ! त्यही सम्झनुस् र यो पैसा लिनुस् ।

यसैगरी दोस्रोदिन तेस्रोदिन पनि त्यहाँ चिठी लेखाउनेको संख्या बढ्दै गएछ । यसकार्यबाट उहाँलाई दैनिक ५।६ रुपैयाँ आम्दानी हुन थालेछ । त्यो उहाँको ठूलो कमाई थियो-दुई दिनको कमाईले करिब महिना दिन चल्न सक्ने कमाई । शर्माज्यू अंग्रेजी राम्रो बोल्नु

हुन्छ र त्यस अनुसार चिठी लेख्न पनि सक्नु हुन्छ भन्ने थाहा पाएपछि गुट कारखानाको मालिक भीमदेवले शर्माज्यूलाई जुट बिक्रीबाट प्राप्त आम्दानीको ५% रकम उपलब्ध गराउने गरी अँग्रेजहरूसंग सम्पर्क कायम गर्ने एउटा बलियो र प्रभावशाली माध्यम बनाएछ । जुन कार्यले गर्दा उसलाई प्रचूर आम्दानी हुन थालेछ ।

व्यापारको अपार बृद्धि गएपछि एकदिन शर्माज्यूले एउटा आइडिया सोच्नु भयो रे ! सामुद्रिक जहाजहरूमा जुटको डोरी प्रशस्त प्रयोग गरिन्छ र त्यो डोरी अंग्रेजहरूले वेलायतबाट मगाउँछन्, तसर्थ: अंग्रेजसंग सम्पर्क गरेर त्यसको फाइदा किन नउठाउने ? यो सोचेर शर्माज्यू कलकत्ताको एउटा कम्पनी मेनेजर (अंग्रेज) कहाँ गै सो वारे कुराकानी गर्न भएछ । अंग्रेजले शर्माज्यूको पोशाक देखेर खिसी गरेछ– खादीको कपडा लगाएका तिमी त गान्धीका चेला जस्ता देखिन्छौ उसै कहाँ जाउ तिम्रो काम उही गरिदिन्छ ।

शर्माज्यूले रिसाएर ठाडो जवाफ दिनु भएछ– त्यसो भए तपाईले यो कुर्सी छाडि दिनोस् ।

अंग्रेज गर्जेछ– किन ?

किनभने यो काम गान्धीले गर्न सक्तैनन्, त्यसै भएर म तपाई कहाँ आएँ । तपाईले पनि गर्न सक्नु हुन्न भने यो कुर्सीमा बस्ने के अर्थ रह्यो ?

शर्माज्यूको यस भनाईले अंग्रेज प्रभावित भएछ, उसमा एउटा अभिमान जागेछ– हो, म गान्धी भन्दा धेरै ठूलो र शक्तिशाली मान्छे, त्यो भिखारी के गर्न सक्छ, मैले गर्न सक्ने भएर त आयो । यो सोचेर केही नम्र र केही प्रशन्न भएर उसले सहयोग गर्ने वचन दिएछ ।

शर्माज्यूको यस साहसिक र बुद्धिमत्तापूर्ण कार्यले गर्दा जुटको डोरी प्रशस्त खपत हुन थालेछ । भिमदेव खुसी भएर शर्माज्यूलाई २५% नाफा दिने भएछ । केही महिना पछि नै आधा आधा व्यापार नाफा लिने सहमतिमा व्यापार चल्न थालेछ । केही वर्षपछि उहाले आपनै कारखाना खोल्नु भएछ । यसरी एकातिर व्यापार र अर्कोतिर राजनीतिको दोभानमा उभिएर शर्माज्यूले धेरै वर्षसम्म काम गर्नु भएको कुरा शर्माज्यूले मलाई बताउनु हुन्थ्यो ।

यो क्रम चलिरहेकै बेला मोहन समसेरको पालामा उनकै आदेशानुसार केशर समसेरले शर्माज्यूका पिता जनकराज शर्मालाई पत्र लेखी बोलाएछन् । यसै पत्रको सम्बन्धलाई लिएर बाबुछोरा बीच कुराकानी भएछ । तर शर्माज्यूका पिता भनें ती स्वार्थी राणाहरू–जसले आफूलाई सङ्कट पर्दा मात्र संझन्छन् अन्यथा बिर्सन्छन् तिनीहरूसंग म फेरि सम्पर्क गर्दिन, तिमी जान्छौ भनें जाउ । श्री शर्माज्यू भने एउटा शासकको रिसले गर्दा आफ्नो देशको माया मार्नु हुन्न, देशलाई हामीहरूको आवश्यकता छ भने जानु पर्छ र सेवा गर्नु पर्छ भन्ने भावना राखेर आंशिक रूपमा आउने जाने गर्न थाल्नु भएछ ।

पिताको देहावमान पछि भने उहाँले पूर्ण रूपमा भारत भूमीलाई छाडेर चावहील काठमाडौंमा स्थायी बसोबास गर्न थाल्नु भएछ । त्यसपछिको जीवनावधिमा उहाँले नेपाल र नेपालीको हीतको लागि जे जति गर्नु भयो त्यसको विस्तृत जानकारी गर्न नसके पनि जे जति थाहा पाएकोछु, अनुभव गरेको छु र सुनेको छु तिनको बारेमा केही चर्चा गर्न उपयुक्त नै हुने ठानेको छु ।

राजनैतिक क्षेत्र

उहाँको राजनैतिक जीवन भारतभूमिबाट शुरू भयो । अंग्रेजहरूलाई हटाउन सञ्चालित सत्याग्रह आन्दोलनमा सरिक भै कतिपटक जवाहरलाल नेहरू र

गान्धीजीसँगै जेलपर्नु भयो । भारतीय संविधान र नीति निर्माण गर्ने कार्यमा भारतीय नेताहरूलाई सल्लाह एवं सुझावहरू दिनु भयो । यति मात्र नभै भारतको सबभन्दा ठूलो कारखाना टाटा कम्पनी र रिजर्भ बैङ्क जस्ता संस्थाहरूमा सल्लाहकारको रुपमा काम गर्नु भयो । मोहन समसेरको दरबारमा उहाँ बेरोकतोक आवतजावत गर्नु हुन्थ्यो । अग्लो शरीर, तेजिलो अनुहार र हक्की स्वभावका श्रीशर्माज्यू राणा भनेर डराउनु हुन्नथ्यो । उनीहरूको अगाडि स्वस्ती गर्न र भुईमा बस्न उहाँको नैतिकताले दिएन । मोहन समसेरले आह्वान गरेको एउटा समारोहमा उहाँ पुग्दा आगन्तुकहरू कसैको लागि पनि कुर्सीको व्यवस्था भएको नदेखेपछि उहाँ रिसाएर उभिई रहनु भयो रे ! मोहन समसेरले बस्ने अनुरोध गर्दा उहाँले कुर्सी नभै नबस्ने अडान लिनु भयो रे ! शर्माज्यूको स्वभाव बुझेका मोहन समसेरले उहाँको लागि तत्काल कुर्सी मगाएका थिए रे ! प्रत्येक भेटघाटमा उहाँले प्रशासन खुकुलो बनाउनु पर्छ र नागरिक अधिकार प्रदान गरिनु पर्छ अन्यथा जनविद्रोहको सामना गर्नु पर्ने चेतावनी दिनु हुन्थ्यो रे !

शर्माज्यू, कमजोर शासकबाट देश र जनताको रक्षा हुन सक्तैन, जङ्गबहादुर यसैकारण उदाएका हुन्, तर शक्तिको दुरुपयोग भने गरिनु हुन्न भन्ने कुराका विश्वास गर्नु हुन्थ्यो । यस अर्थमा उहाँले मोहन समसेरको शासकीय क्षमताको प्रशंसा गर्नु हुन्थ्यो तर जनाधिकार माथि विचार नपुऱ्याएकोमा विद्रोहको स्वर गुन्जाउनु हुन्थ्यो । सर्वसाधारण जनतालाई उहाँले यही उपदेश दिने गर्नु हुन्थ्यो अधिकार मागेर पाइदैन, सङ्घर्ष गरेर लिनु पर्छ । उहाँका यस्तै धारणामा केही मतान्तर भएको कारण उहाँ मोहन समसेरको अन्तिम शासन कालमा कुनै बहाना पारी दिल्ली प्रस्थान गर्नु भएको थियो रे ! जब दिल्ली सम्झौता भयो–त्यसबेला उहाँको अनौपचारिक उपस्थिति थियो रे ! त्यहाँ उहाँले श्री ५ त्रिभुवनको समर्पणप्रति हस्तक्षप नगर्न पं. नेहरूसंग व्यक्तिगत अनुरोध गर्नु भएको थियो रे !

प्रजातन्त्रको स्थापना पछि श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रको शासनकालमा पं. गोकुलचन्द्र शास्त्रीको अनुरोधमा उहाँले सल्लाहकारको रुपमा काम गर्नु भयो र तत्कालिन युवराज श्री ५ वीरेन्द्रलाई केही समय गीताध्ययन गराउनु भयो । उहाँको जीवनको अन्तिम दशवर्षको अवधिमा म उहाँको सम्पर्कमा रहें । म प्रति उहाँको ठूलो आशा र विश्वास थियो तर बीचबाट भएका केही असमझदारीपूर्ण दिग्दर्शन र शब्द संप्रेषणमा परेर पूर्वस्थापित विश्वसनीयता र सदाशयतामा क्षणिक प्रश्न चिह्न लागेको हो तर छातीमा लागेको छाप अमीट बनी सकेकोले विश्वासमा आघात परेन । मसंग कुराकानी हुंदा उहाँले श्री ५ महेन्द्रका हस्ताक्षरित चिठीपत्रहरू देखाउनु हुन्थ्यो र भन्नु हुन्थ्यो–राजा महेन्द्र एक कुशल राजनीतिज्ञ थिए र छद्मभेषमा शहर तथा गाउँघर घुमीरहन्थे, जनताका पीर मर्का बुझीरहन्छे । कतिपटक मलाई बाटोमा देखेर गाडी रोकी कुरा गरेको प्रत्यक्ष अनुभवछ । तर पञ्चायती व्यवस्था ल्याएर उनले शासनावधिमा एउटा भूल गरे–शर्माज्यूले आफ्नो अनुभव बताउनु हुन्थ्यो ।

प्रशासनिक क्षेत्र

उहाँका अन्तिम अवस्थाका दिनहरू व्यक्तिगत वा सांगठनिक क्षेत्रसंग असंबद्ध भएतापनि २००७ साल पछिका प्रजातन्त्रकालिन दिनहरूमा उहाँले विभिन्न संस्थाहरूमा संबद्ध भएर आफ्नो प्रशासनिक क्षमता प्रस्तुत गर्नु भएको थियो । ती कार्यहरू कुनै औपचारिक थिए कुनै अनौपचारिक । औपचारिक रुपमा उहाँ खानी विभागको डाइरेक्टर र हिमाल सेण्टिग्रेट कम्पनीको मेनेजर भै काम गर्नु भएको थियो भने अनौपचारिक रुपमा मुख्यतः नेपाल

बैङ्क र नेपाल राष्ट्र बैङ्क खोल्नमा विशेष भूमिका निभाउनु भएको थियो। रिजर्भ बैङ्क अफ इण्डियाका सल्लाहकार भएको नाताले बैङ्क स्थापनार्थ आपसी समन्वय गर्नमा उहाँको सहयोग कम महत्वपूर्ण रहेन। प्रश्न उठ्न सक्छ–यस्तो प्रतिभाशाली व्यक्तिको नाम किन पर्दा भित्र लुकेर रह्यो ? शंका स्वाभाविक हो। वास्तविकता यो थियो कि उहाँ स्वतन्त्र र उन्मुक्त भै रहन चाहनु हुन्थ्यो, कसैको बन्धन र जंजालभित्र फस्न उहाँ मन पराउनु हुन्थ्यो। उहाँ भन्नु हुन्थ्यो–श्री ५ महेन्द्रबाट कतिपटक बुलाहट भयो र केही सहयोग चाहिन्छ कि भनी पं. गोकुलचन्द शास्त्री मार्फत सोधनी भयो। यसको जवाफ उहाँ हाँसी हाँसी दिनु हुन्थ्यो रे– भिखारीले भीख के दिन सक्छ ! भनाईको आशय यो थियो कि सूर्यले पृथ्वीबाट पानीको अंश खिचेर वर्षा गराए जस्तै राजाले पनि प्रजाबाट करको रुपमा षष्ठम अंश लिएर पुनः जनताको लागि प्रदान गर्दछ। यस अर्थमा के राजा पनि भिखारी नै भएन र !

उहाँ खास गरेर अनुसन्धानमूलक स्वतन्त्र कार्यमा बढि अभिरुची राख्ने हुनाले व्यक्तिगत रूपमा पनि उहाँले खरी उद्योग चलाउनु भएको थियो। जो अद्यावधि छ।

सामाजिक एवं धार्मिक क्षेत्र

उहाँले समाज कल्याणको लागि आफ्नो व्यक्तिगत सम्पत्ति खर्च गर्नु भएको छ, घोडा र गाडी बेचेर सामाजिक कार्यमा लगाउनु भएको छ, व्यक्तिगत पैसा खर्च गरेर कसैको वैवाहिक सम्बन्ध कायम गरिदिनु भएकोछ। यस्तै उदार एवं विशाल हृदयको कारण मुजफ्फरपुर, पटना, झापा र बी गंजका सयकडौं बीघा स्वअर्जित भूमीहरू उहाँको स्वाधिनताबाट मुक्त भै परहस्तगत भएका छन्। शिक्षाको क्षेत्रमा उहाँले कुनै डिग्री लिनु भएको छैन तापनि पटना विश्वविद्यालयले उहाँलाई सम्मानार्थ डिग्री प्रदान गरेको छ। अंग्रेजी, हिन्दी, संस्कृत र स्वमातृभाषा नेपालीका प्रखरवक्ता एवं अध्येता श्री शर्माज्यूसंग अंग्रेजी भाषा विषयक डिग्रीका विद्यार्थीहरू परास्त हुन्थे, गणितका विद्यार्थीहरूले उहाँबाट शिक्षा लिन्थे। त्रियानब्बे वर्षको उमेरसम्म अंग्रेजी भाषाका पेपरहरू बिनाचस्मा पढिरहेको म नै देख्थें।

अंग्रेजी भाषाका धुरन्धर विद्वान भएर पनि उहाँले सनातन हिन्दू धर्म र नेपाली संस्कृतिप्रति गर्व गर्नु हुन्थ्यो, विद्वानहरूसंग संवाद गर्नु हुन्थ्यो र भन्ने गर्नु हुन्थ्यो–विविध संस्कृतिमा एकता भै सिङ्गो राष्ट्रको रूपमा अडिएको हाम्रो नेपालीपन विदेशी प्रभावबाट प्रभावित हुनुहुन्न। हाम्रो वेषभूषा र रहनसहन नेपालको गौरव हो, हाम्रो धर्म महान छ, हामी महान छौं। हिमवत खण्डदेखि सिन्धु नदीसम्मको भूमी (भारत वर्ष) मा बस्ने हाम्रा पूर्वजहरू सबै हिन्दू हुन्–चाहे पछि आएर विभिन्न वाद वा संप्रदायमा विभक्त भएका किन नहोउन–'आसिन्धु हिम पर्यन्तं यस्य भारत भूमि बा.....,। विश्वका जुनसुकै धर्मभन्दा पनि हाम्रो धर्म प्राचीन एवं मूल धर्म हो र उदार धर्म हो। अन्य धर्महरू यसैका हाँगा बिगा हुन्, यस धर्मलाई केही कट्टरवादीहरूले संकूचित बनाए, हाम्रो वैदिक सनातन धर्म ज्यादै उदार र सशक्त छ, यस धर्मको उचित संरक्षण र सम्मान गर्नाले जीवनका ठूलठूला सङ्कटबाट पनि मुक्ती पाउन सकिन्छ र अपार सिद्धि हासिल गर्न सकिन्छ। यसैगरी उहाँले आफू ब्राह्मण भएकोमा गर्व गर्नु हुन्थ्यो र भन्नुहुन्थ्यो–हामीले धर्मको संरक्षण गर्न सक्नु पर्छ तबमात्र धर्मले हाम्रो संरक्षण गर्दछ–धर्मो रक्षति रक्षितः। अन्तिम अवस्थामा परेको असह्य वज्रप्रहारले गर्दा उहाँले खानपीन बन्द गरी दिए तापनि आत्मशक्तिले साथ दिंदासम्म धर्मकर्मको प्रतिपालन गरिनै रहनु भयो।

२०५० साल पौष २७ गतेको दिन, जुन दिन नेपाली जनता श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकतादिवस मनाउँदै थिए। उहाँ भने आफ्नो पाञ्चभौतिक शरीरलाई ईश्वरीय सत्तामा स्थापित गर्न समाधि लिँदै हुनु-हुन्थ्यो। त्यसदिन बिहान पनि उहाँले स्नान गर्नु भएको थियो र चोखो लुगा फेराइ दिन अह्राउनु भएको थियो। प्राणान्त हुनु भन्दा पाँच मिनेट अगाडि उहाँले आफूलाई भुई तलामा झार्न भन्नु भएको थियो र आँगन छेउको परिजातको वृक्ष अगाडि गायत्री जप गर्दागर्दै प्राणोत्सर्ग गर्नु भएको थियो। यतिमात्र होईन उहाँले त्यसदिन देहत्याग गर्ने कुरा आफ्नी धर्मपत्नी श्रीमती मीनकुमारी शर्मालाई तीन दिन अगाडि बताउनु भएको थियो।

पद वा ओहदामा रहेर भन्दा बाहिरै बसेर कसरी देश र समाजको कल्याण गर्न सकिन्छ भन्ने कुरामा चिन्तन गर्ने यस्ता महान एवं अनुकरणीय व्यक्तित्वको अवसानले उहाँको परिवारलाई मात्र होईन समस्त समाजको लागि नै प्रत्यक्ष वा अप्रत्यक्ष नोक्सानी पुगेको छ। उहाँलाई आफूमाथि गर्व थियो र आफ्नो पौरख माथि गर्व थियो– उहाँले कसैको गुलामी वा मुलाहिजा गरेर पैसा कमाउनु भएन, जे कमाउनु भयो वा दिनु भयो त्यो आफ्नै बाहुबल र बुद्धि विवेकको प्रयोगबाट। उहाँले चाहेको भए आफ्नो नाम देशको उच्च ओहदामा अंकित गर्न सक्नु हुन्थ्यो। प्रजातन्त्र र मौलिकहकका पक्षधर श्री शर्माज्यूले आफ्ना सन्ततिलाई पञ्चायती व्यवस्था जस्तो अनुदार एवं अप्र-जातान्त्रिक व्यवस्थाको कसम खाई जागीर खाने सल्लाह दिनु भएन।

तर दुर्भाग्य! उहाँको जीवनका अन्तिम दिनहरू अत्यन्तै कष्टकर एवं पीडादायी बने। तीन छोरा र चार छोरीका पिता श्री शर्माज्यूका दुई पत्नीहरू भएता पनि जेठी पत्नीको धेरै अगाडि नै स्वर्गारोहण भैसकेको थियो र उहाँबाट जन्मेका एकमात्र पुत्र मदन शर्मातिर दर्जनौं नाती पनातीहरू भएका थिए, जसका सन्तान हरू वीरगन्जको सेरोफेरोलाई आफ्नो कर्मभूमी बनाएका थिए। यता माहिला पुत्र सज्जन शर्माका सन्ततीहरूले मूल घरको वातावरणलाई उज्यालो र रमणीय बनाएका थिए।

एउटा उल्लेखनीय कुरा यो थियो कि उहाँको जेठो र कान्छो छोराको उमेरमा पचास वर्षको अन्तर थियो, पनानी भन्दा कान्छो छोराको उमेर दुई वर्ष कम थियो र उहाँले ७२ वर्षको पाको उमेरमा कान्छो छोरालाई जन्म दिनु भएको थियो। त्यही २३ वर्षीय युवक राजन शर्मा आज सम्पूर्ण परिवारको आशाको केन्द्रबिन्दु भैरहेको छ। जुन व्यक्ति हिजोसम्म उन्मूक्त पक्षी जस्तो निर्भय विचरण गर्थ्यो तर आज सम्पूर्ण समस्या र जिम्मेवारी को भार काँधमा बोकेर उभिएको छ। यसकारण कि–

देहावसान हुनु अघि करिब एक वर्षको बीचमा श्री शर्माज्यूले जे जस्तो पीडा र उत्पीडन सहनु पऱ्यो त्यो वास्तवमा एउटा बलिष्ठ एवं कठोर युवकको लागि पनि असह्य हुन्छ। त्यस अवधिमा उहाँले क्यान्सर रोगबाट पीडित जेष्ठ सुपुत्रलाई गुमाउनु भयो भने माहिला छोराको एभरेष्ट एयरको विमान दुर्घटनामा परी प्राणान्त भएको दुर्दान्त एवं कर्ण विस्फोटक शब्द सुन्नुभयो। जुन दुर्घ-टनाको मर्मान्त पीडा खप्न नसकेर विना रोग व्याधिको तन्दुरुस्त शरीर र तेजिलो अनुहारलाई खाना नै नखाई-कन सुकाएर बिसर्जन गर्नु भयो। साँच्चै भन्ने हो भने त्यसै बीचमा उहाँले आफ्नो कान्छो भाई र एउटा जवान नातीलाई पनि गुमाउनु भएको हो, तर आफ्नै काखमा हुर्केको र सधैं आँखाको अगाडि नाचीरहने घरको हर्ता-कर्ता एवं वृद्धावस्थाको बलियो स्तम्भ अनि आफ्नै रगत-को अवदानलाई झट्ट भुल्न नसक्ने मानवीय प्रवृत्तिले उहाँलाई पनि आवद्ध गऱ्यो र विसर्नै सक्नु भएन। त्यस

वेला उहाँलाई गीता र उपनिषद्मा उल्लेखित पारमार्थिक ब्रह्म वाक्यले पनि काम दिएनन, परिणाम त्यही भयो 'सतं वर्ष जीवेत्, को हाम्रो चाहनालाई ईश्वरले ९५ वर्षको उमेरमा चुडाएर लग्यो। उल्टो निर्णय भयो। जसको परिणाम उल्टै हुन गयो–जो हामीले देखि रहेका छौं, परिवारले भोगीरहेको छ। आज ती साध्वीहरूको सिन्दूर पुछिएकोछ ससाना बालबच्चाहरू टुहुरा भएका छन् घरको सबै खुसी र रौनक शोक र संतापमा परिणत भएको छ। घरको सम्पूर्ण वातावरण उजाड एवं निरस भएको छ।

अब हामीले जतिसुकै रोए पनि कराए पनि ती श्रद्धेय महान व्यक्तित्वलाई श्रद्धा सुमन अर्पण गर्नु वाहेक अरू केही गर्न सक्तैनौं। उहाँको नाम हाम्रो स्मृति गर्भमा राख्नु वाहेक अरू उपाय हामीमा छैन। जुन महामना व्यक्तित्वले आफ्नो नाम प्रचारको लागि कुनै प्रोपगण्डा फैलाएन, अनैतिक तरिकाले पैसा कमाएन र अन्तिम अवस्थासम्म पनि आफ्नो विद्वता र संपत्तिप्रति घमण्ड गरेन। स्मरण एवं निरूपण शक्ति क्षीण भएर गै सक्दा र मृत्यु शय्यामा परिसक्दा पनि घरमा आएको अतिथिलाई भोकै राखेर खान स्वीकार गरेन। आफ्ना सन्ततिलाई स्वाभिमानी भै बाँच्ने अनि इमान्दारी र परिश्रमबाट आर्जित अन्न खाने उपदेश दियो। उहाँका ती उपदेश र कर्मलाई हामीले ग्रहण गर्ने र प्रयोग गर्ने सक्नु पर्दछ। आशा गरौं–यस्ता व्यक्तित्वहरू नेपाल आमाले अरू पनि जन्माउन र सयौं वर्षको आयु दिउन, तर जुन बज्रपातबाट उहाँको देहावसान भयो–आयन्दा भगवानले यस्तो कठोर एवं मर्मघाती उल्टो निर्णय चाहीं नगरुन्।

अस्तु !

Best Wishes For

Happy and Prospereous

NEW YEAR 2051

AIR EXPRESS PVT LTD

Gsa Kuwait Airways
Po. Box. 3263 Tel 222884

Gsa Saudi Airways
Po. Box 3262 Tel 222787

Heartiest Greetings & Best Wishes
For
Happy New Year 2051

DRUZBA (P.) Ltd.

Gsa Soviet Airlines
Tel No. 212397
Kamaladi, Kathmandu

कविता

के तपाइँ मान्छे हुनुहुन्छ !

–हरि मञ्जुश्री

म आफूलाई चिन्दैछु
र महसूस गर्दछु
कि मेरो चेतनाको बिस्तार रोकिएको छ
रगतको सीमारेखाभित्र
मैले कैदी हुनुपरेको छ
मान्छेहरू पनि अनौठा छन्
आफैलाई नचिनेर
कैदी हुनुमा गर्व गर्छन्
पराधीन हुनुमा इज्जत ठान्छन्
तर म चिन्दैछु आफूलाई–
कि म चेतनतत्व / शाश्वत सत्य हुँ
त्यसैले म
कैदी हुन सक्तिन
पराधीन बन्न सक्तिन
म स्वच्छन्द उड्न चाहन्छु
बिस्तारित हुन चाहन्छु ब्रह्माण्डभरि
तर कैदी बन्न कर लागेको छ
शाश्वत सत्यलाई / चेतनालाई
जबर्जस्ती खुम्च्याउनुपरेको छ
किनकि मेरो राष्ट्र छ
राष्ट्रियताको भावना ओढेर
मैले बाँचिरहनुपरेको छ
पृथ्वीभरि स्वच्छन्द उड्न छोडेर
राष्ट्रभित्र गुम्सिनुपरेको छ
के तपाई –.....
राष्ट्रको सानो सीमाभित्र
आफूलाई कैद राख्न
मलाई ज्यादै कठिन परेको छ
के तपाई पनि मान्छे हुनुहुन्छ ?
हुनुहुन्छ भने किन बाँधिनुभएको राष्ट्रभित्र ?
के तपाईलाई थाहा छैन–
कि मान्छे भनेको चेतनाबाट संचालन हुन्छ
र चेतना कहिल्यै कैदी बन्न सक्तैन ?

रानीपानी, काभ्रे

सुन्दर शरीर भन्दा सुन्दर आचरण राम्रो हुन्छ, मूर्ति र चित्रले भन्दा उच्चकोटीको आनन्द यसले दिन्छ । यो कलाहरू मध्येको सुन्दरतम कला हो ।

इमर्सन

पूर्णाङ्क २१ भारतीय नेपाली साहित्यिक
विशेषाङ्कको सन्दर्भमा :

'दायित्व'का बुँदाहरू : एक परिशीलन

दिलप्रसाद राणा

नेपाली साहित्यको इतिहासमा पत्रिका प्रकाशनको इतिहास दुइ शताब्दी पुरानो हो । बनारसबाट प्रकाशित 'गोर्खा भारत जीवन' पत्रिकाले निर्माण गरेको पत्रकारिताको धरातलमा 'सुधासागर' 'गोरखापत्र,' 'शारदा' 'माधवी' 'चन्द्रिका' आदि पत्रिकाहरूले नेपाली साहित्यको विविध विधाहरूको विकासमा यथेष्ट योगदान दिए । साहित्य लेखन, मनन र सर्वेक्षणको दिशातर्फ लेखक, पाठक र सर्वेक्षकहरूको रूची बढ्दै गएपछि अरू पत्रिकाहरू प्रकाशित भए । ती मध्ये 'उदय' (१९९३), 'खोजी' (१९४०), साहित्य स्रोत (२००४), 'भारती' (२००६), 'जागृति' (२००९), 'बिहान' (२००९) 'प्रभात' (२०१०), 'इन्द्रेणी' (२०१३), 'दियालो' (२०१६) 'रूपरेखा' (२०१७) प्रमुख छन् । यसरी 'गोर्खा भारत जीवन' पत्रिकाले बिजारोपण गरेको साहित्यको उद्यानमा नयाँ-नयाँ भावधारा, शैली, विषयवस्तुलाई लिई लेखिएका कविता, कथा, नाटक, समालोचना, संस्कृति, भाषा, व्याकरण शिल्पकला सम्बन्धी रचनाहरू प्रकाशित गरेर नेपाली पत्रकारितालाई मूर्तरूप प्रदान गर्न यी पत्रिकाहरूले दिएको योगदान महत्वपूर्ण रहेको छ । यसरी नै 'प्रज्ञा,' 'मधुपर्क' 'गरिमा,' 'दियालो' पत्रिकाहरूले नियमितता कायम राखी साहित्यको सम्बर्द्धन र विकासको क्षेत्रमा गर्दै आएको कार्य प्रशंसनीय छ । जति जति पाठक समुदायमा चेतना र साहित्यसेवाको भावना जागृत हुँदै गयो उति उति कवि, लेखक, समालोचक, इतिहासकार, अन्वेषकहरू साहित्य क्षेत्रमा उत्तन लागे । फलस्वरूप पत्र-पत्रिकाको आवश्यकता सबैले महसुस गर्न थाले । सबैमा साहित्यप्रतिको ''दायित्व''बोध हुन थाल्यो । विशेषत: भाषा, साहित्य, समाज र जातिको विकासलाई प्रमुखता दिई स्वतन्त्र र रचनात्मक भावाभिव्यक्तिकासाथ आफ्नो ''दायित्व'' पूरा गर्न जुर्मुराई उठेका सचेत साहित्यिक प्रतिभाहरूलाई प्रेरणा प्रदान गर्न रामप्रसाद पन्त र तारा कार्कीको सम्पादनमा ''दायित्व'' (मासिक) पत्रिका (२०५०)ले नेपाली साहित्यको इतिहासमा नयाँ क्षितिज लिएर आएको छ । दायित्वका उद्देश्यहरू र यसमा समाविष्ट विवध विधाका रचनाहरूबाट के थाह लाग्छ भने यस पत्रिकाले आफ्नो दायित्वको सीमारेखा 'अधिराज्यभित्र मात्र नराखी भारतीय नेपालीजाति साहित्य र समाजलाई समेत अंगाली एक विशाल दायित्वको बोझ ग्रहण गरेको छ । दायित्वले आफ्नो ''दायित्व'' कहिलेसम्म श्री वतिमम्म पूरा गर्न सक्षम

बन्ला भन्ने कुरा त समयले नै बताउने छ । 'दायित्व'को कलेवर र यसमा समाविष्ट हरेक रचनाले पाठकवर्गलाई आकर्षित नगरी छोडेको छैन । 'दायित्व'को प्रयासलाई सफल तुल्याउन विशेषतः पाठकवर्गको सहयोग र सहभागिता महत्वपूर्ण देखिन्छ । पत्रिकाका अघिल्ला पृष्ठहरूका शुभेच्छा पत्रहरूले पत्रिका सञ्चालन मण्डलीको आँट, भरोसा र सफलतालाई औंल्याई अझ प्रभावशाली बनाइदिएको छ । यो आधुनिकताको विशेषता हो भन्दा अत्युक्ति हुने छैन ।

'दायित्व'मा समाविष्ट सामग्रीहरू आठ अंशमा विभाजित छन् । अन्तर्वार्ता, कथा, लेख, समालोचना, नाटक, संस्कृति हास्यव्यंग र कविता आदि । प्रायः सबै पत्रिकाहरूमा कवितालाई प्रथम स्थान दिइएको हुन्छ भने 'दायित्व'ले कवि र कवितालाई पछि सारिदिएको छ । एकाध लब्धप्रतिष्ठित साहित्यकारहरूसितको अन्तरवार्ता र रचनाहरू बाहेक नयाँ प्रतिभाहरूलाई स्थान दिइएको छ । नेपाली भाषाले भारतको संविधानमा पाएको मान्यता र महत्व, भाषा र साहित्यको आजमम्म भएको उन्नति र अवनति बारे हाम्रा साहित्यिक प्रतिभाहरूको विचारधारा बोलपत्रको रूपमा छापी पाठकवर्गको मथिङ्गल मस्काउने कामसंगै उनीहरूको विचार र परामर्शप्रति सबैलाई आकृष्ट गराई आफ्नो दायित्वबोध गराउने काम 'दायित्व' पत्रिकाले गरेको छ । इन्द्रबहादुर राई, डा. कुमार प्रधान, डा. लक्ष्मीदेवी सुन्दास, डा. तुलसीबहादुर क्षेत्री, डा. जगत क्षेत्री, इन्द्र सुन्दास, विरेन्द्र सुब्बा, राजनारायण प्रधान, गुमानसिंह चामलिङ, हरि प्रसाद 'गोर्खा' राई, शिवकुमार राई, डा. कमला सांकृत्यायन, शरद क्षेत्री, सानु लामा, एम. एम. गुरुङ, प्रेम शेर्पा 'विरोकी,' तुलसी कश्यप हाम्रा भारतीय नेपाली भाषा र साहित्यका विभूतिहरू हुन् अनि उनीहरूका विविध विधागत कृतिहरू हाम्रा धरोहर हुन् । यस्ता प्रतिभाहरूका वार्ताहरू र रचनाहरू प्रकाशित गरेर 'दायित्व'ले आफ्नो दायित्वको एक अंश भएपनि पूरा गरेको छ । इन्द्रबहादुर राईसितको अन्तर्वार्तामा राईज्यूले नेपाल र भारतको नेपाली साहित्यलेखनमा पर्न गएको भाषिक भिन्नता, यथार्थवादी लेखनकलामा क्षेत्रियताको प्रयोग तथा सैद्धान्तिक साहित्यको अन्तर बारे विश्लेषण प्रस्तुत गरेका छन् । ई. सन् १९६३ मा दार्जीलिङबाट शुरू भएको आयामिक आन्दोलनका प्रणेता राईज्यूको विचारमा–आयामिक लेखनशिल्प लेखक र पाठक दुवैका चेतनाको आधार हो अनि यसबाट उत्प्रेरित भाव विचारवृत्ति, आत्मपरकता र वस्तुता नै आजको लीला सत्यको स्वतः सिद्ध रूप हो । अन्तर्वार्ता (भेटवार्ता) अन्तर्गत डा. जगत क्षेत्रीले नेपाली भाषालाई भारतको संविधानमा अन्तरभुक्त गराउन १९६० को दसकदेखि 'भाषा आन्दोलन'मा सक्रिय भाग लिई १९९२ मा नेपाली भाषालाई मान्यता दिलाउन सफल भएकोमा खुशी प्रकट गर्दै–"नेपाली भाषाले पाएको मान्यता सम्पूर्ण नेपाली भाषीले पाएको सम्मान हो ।" भनेका छन् । यसै गरी शिव प्रधानज्यूले आफ्नो भेटवार्तामा नेपाली भाषाले संवैधानिक मान्यता पाएपछि भारतीय नेपालीहरूले आफ्नो अस्तित्वको आधार प्राप्त गरेको र भारतीय नेपाली भाषी जनताले सुरक्षित रहन सफल भएकोमा सन्तुष्टि जाहेर गरेका छन् । डा. लक्ष्मीदेवी सुन्दासले नेपाली साहित्यको विकासमा भारतीय नारीहरूको योगदान र नेपाली वाङ्मयप्रति नेपाली महिलाहरूको योगदानको कमी बारे प्रकाश पार्दै कवि भानुभक्त जस्ता अमर प्रतिभाको शालीग तोडिदा पर्न गएको आघात नेपाली भाषा र साहित्यमा लागेको कलङ्क हो भनेका छन् । यसरी भेटवार्ताहरूमा नेपाली भाषाले पाएको

मान्यता बारे चर्चा परिचर्चाहरू समेटिएका छन् । अन्तर्वार्ता कै क्रममा तुलसीराम 'कश्यप'ले साहित्यकारले आफुलाई अरू साहित्यकारदेखि अलग देखाउने अभिप्रायले प्रस्तुत गरेको दृष्टिकोणलाई नै बादको संज्ञा दिएका छन् । वास्तवमा बाद केवल विचार र दृष्टिकोणद्वारा आफुलाई अरू साहित्यकारदेखि अलग्याउनु मात्र नभएर सैद्धान्तिक सचेततासाथ यथार्थ तत्वको प्रतिपादन गरी एक अलग सृजनात्मक सम्पूर्णता व्यक्ताउनु हो । कश्यपज्यूले पुरस्कारको लालचमा लेखिएको साहित्य साहित्य हुन सक्तैन भनी आफ्ना नकारात्मक विचार प्रकट गरेका छन् ।

'दायित्व'मा प्रकाशित शरद क्षेत्री र हरिप्रसाद 'गोर्खा' राईका कथाहरू बाहेक अरू कथाकारहरूलाई नवीन प्रतिभाहरू कै लहरमा उभ्याउन सकिन्छ । कथाकार शरद क्षेत्रीको 'कालाग्नि' कथा बालकृष्ण समको उदय 'कैकेयी' कथाको अनुरूप हो भने हुन्छ । कालाग्नि जो अपरिहार्य छ, कालाग्निको सत्यतालाई कथाकारले वर्तमान युगको स्वार्थी, दुष्ट र दुराचारीहरूको दुष्कर्मको उपलब्धी सिवाय अरू केही होइन जसले ज्ञान, मर्यादा, मानव र परमेश्वरलाई समेत चिन्न सक्तैन भनेका छन् । दार्शनिकताको ऐनामा कालाग्निको विकटतालाई कथाकारले वर्तमान युगको अस्थिरता, स्वार्थता र क्रूरताको छायाँङ्कन गरी प्रस्तुत गरेका छन् । अर्का कथाकार हरिप्रसाद 'गोर्खा' राईले आफ्नो कथामा सैनिक जीवनलाई धेरै नजिकबाट नियालेका छन्, अध्ययन गरेका छन्, अनुभव गरेका छन् । कथाकारले आफ्ना संस्मरणात्मक अभिव्यक्तिमा स्वयंलाई कथाको पात्र बनाई आफुले अनुभव गरेको जीवन, आफुले भोगेका यथार्थतालाई घटनाहरूको प्रस्तुतिकरणद्वारा सफलता साथ विश्लेषण गरेका छन् । सामान्य घटनाहरूलाई लिएर सुन्दर र प्रभावकारी शैलीमा लेखिएको 'गोर्खा' राईको कथा 'मेरा अपरिचित साथी' अभिव्यञ्जनात्मक अनि मनोरञ्जनात्मक भावाभिव्यक्तिको संगम हो । 'गोर्खा' राईका कथामा मात्र नभएर उनका कवितामा समेत सैनिक जीवनको भावनात्मक अभिव्यक्ति पाइन्छ । अन्य कथाहरूमा इन्दिरा राईको 'अपूर्वा फेरि आउने रे,' सिद्धार्थ राईको 'यस्तै छ यहाँ', खडगराज गिरीको 'बारोदाइ र रूपाली दिदी' स्तरीय र रोचक छन् । लेखनशैलीको सुन्दरता, विषयवस्तुको छनोट र घटनाक्रमको बुनोट राम्रा छन् ।

दायित्वको अर्को सशक्त विधा लेख / निबन्धमा' डा. तुलसी भट्टराईको 'नेपाल–भारतको समन्वयात्मक सम्बन्ध', सुधीर क्षेत्रीको 'भारतीय नेपाली कविता प्रवृत्ति', कृष्णप्रसाद ज्ञवालीको 'पूर्वाञ्चल भारतमा नेपाली साहित्यको विकाश: केही महत्वपूर्ण बुँदाहरू' डा. शान्ती क्षेत्रीको 'नेपाली भाषाले संवैधानिक मान्यता पाएपछि' निबन्धहरूले दायित्वले साहित्यसेवार्थ उठाएको कदमलाई अघि बढाउने काम गरेका छन् । डा. तुलसी भट्टराईले आफ्नो लेखमा भारतीय नेपालीहरूले भाषा र साहित्यको विकास, प्रचार र प्रसारकार्यमा दिंदै आएको योगदान बारे विषद चर्चा प्रस्तुत गरेका छन् । भारतका विभिन्न प्रान्तमा जहाँ–जहाँ नेपालीहरू बसेका छन् ती सबै ठाउँबाट नेपाली भाषा र साहित्यको उत्थान विकास र सम्वर्द्धनमा पत्र पत्रिका प्रकाशित गरेर होस, विविध संस्था समाजहरू खोलेर होस, गोष्ठी–प्रतियोगिता र अधिवेशनहरू आयोजन गरेर होस वा सांस्कृतिक अनुष्ठानहरू प्रस्तुत गरेर होस नेपाली भाषा र साहित्यको संरक्षण र सम्वर्द्धन गर्दै आएको कुरा आजसम्म सयौंका संख्यामा प्रकाशित पत्र पत्रिका, पुस्तक, पर्चादिले सबुत प्रस्तुत गरेका छन् । डा. भट्टराईले भारतीय नेपाली भाषा

प्रेमीहरू र साहित्यानुरागीहरूको प्रयास र योगदानको विश्लेषणात्मक लेख लेखी नेपालको नेपाली साहित्य र भारतको नेपाली साहित्यमा समन्वयता देखाएका छन् । नेपालका नेपालीहरूको र भारतका नेपालीहरूको बोली, लवज र विचारमा अन्तर अवश्य होला तर भाषा र साहित्यमा भने कुनै अन्तर देखिएको छैन । यी दुवै ठाउँका साहित्य रचनामा समन्वयता नै रही आएको छ । सुधीर क्षेत्रीले आफ्नो लेखमा भारतीय नेपाली कवितामा पर्न आएको विभिन्न प्रवृत्ति र लक्षण सम्बन्धि अनुसन्धानात्मक विश्लेषण प्रस्तुत गरी 'दायित्व'ले गर्न चाहेको दायित्व पूरा गरिदिएका छन् ।

वाङ्मयको इतिहासमा कविता विधा नै जेठो र सशक्त विधा मानिन्छ । यथेष्ट संख्यामा विविध प्रवृत्ति, लक्षण, वाद, वृत्ति र प्रयोगलाई अप्नाएर कविताहरू लेखिएका छन् । सायद यो कविता विधा मानिसको जीवनको संवेदनशीलतालाई सजिलै स्पर्श गरी भाव सञ्चार गराउने माध्यम भएर होला आजसम्मको साहित्य यात्रामा नेपाली कविता विधाले पथनिर्देशन कार्य गरेको छ । भारतीय नेपाली कविहरूको परिचयात्मक औपचारिकता पनि यस लेखले पूरा गरिदिएको छ । डा. शान्ती क्षेत्रीले आफ्नो लेखमा नेपाली भाषाले संवैधानिक मान्यता प्राप्त गरेकोमा बेहद प्रसन्नता जाहेर गरेकी छन् । यो हामी सम्पूर्ण भारतीय नेपाली भाषाले मान्यता पाएपछि सबै भारतीय नेपालीहरूले आफु सम्मानित र सुरक्षित भै अनुभव गरेको कुरा हो । कृष्णप्रसाद ज्ञवालीले आफ्नो लेख 'नेपाली संस्कृति र परम्परा' अन्तर्गत जमरा र अक्षताको महत्व बारे प्रकाश पार्दै मानव सभ्यताको पूर्व-संकेतको साधन बताएका छन् । विजय वान्तावाको 'सिक्किमेली साहित्य पृष्ठभूमि र पत्रकारिता वर्तमान परिप्रेक्षमा' लेखमा सिक्किमेली नेपाली साहित्यको इतिहासको उद्भवकाल 'अपतन' साहित्य परिषदको स्थापना समयलाई मानेका छन् । यही 'अपतन' साहित्य परिषदको स्थापना भएदेखि सिक्किममा नेपाली भाषा र साहित्यको विकास गर्ने र गराउने कार्यमा चार प्रमुख व्यक्तिहरू–अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर क्षेत्री र नीमा वाङ्दी तारगेनको योगदान अति महत्वपूर्ण रहेको कुरा सिक्किमेली नेपाली साहित्यको इतिहासले बताउँछ । यी साहित्यिक महारथीहरूले तयार पारेको साहित्यिक उद्यानमा बिरुवा लगाई फुलाउने र फलाउने काम नवज्योतिकाल र आधुनिककालमा कविहरू र साहित्यकारहरूले गरेका छन् । विजय वान्तावा ले आफ्नो अनुसन्धनात्मक लेखमा क्रमिक रूपमा विविध विधा अँगाली भाषा र साहित्यको विकासमा योगदान दिई समृद्ध बनाउने कवि, लेखक र पत्रकारहरूको परिचयात्मक टिपोट प्रस्तुत गरी 'दायित्व' मार्फत नेपाली साहित्यका इतिहासकार र अन्वेषकहरूको सुक्ष्म दृष्टिलाई अझ विस्तृत र फाँटिलो बनाउने आह्वान गरेका छन् ।

लीलबहादुर क्षेत्रीको नाटक 'प्रतीक्षा' त्रासदीय भाव धारामा लिखित नाटक हो । यसकी नायिका प्रभा आफ्ना परदेशी पतिसितको पुनर्मिलनको आशा र निरासित सङ्घर्ष गर्दै औ पति-पत्नीको प्रेम विवशताको सिक्री हो,जुन सिक्रीमा जकडिएर जीवनको अन्तसम्ममा आफ्नो प्रतिक्षा पूरा हुनेछ भन्ने विश्वासमा बाँच्ने प्रयास गर्छे । आफ्ना पतिसितको पुनर्मिलनमा आशावान र अटल रहेकी प्रभालाई जवर्जस्त वियोगान्त गीतका धुनहरूले रुवाउने प्रयास भएको छ । शिशिर गुरुङको 'बिस्मृतिको गर्भमा लोकगीत : लैबरी'ले दायित्व'को संस्कृति विधाको अभाव पूर्ति गरिदिएको छ । लोक संस्कृति परम्परा जातिको धरोहर हो । यसको शोध खोज गरी जगेर्ना गर्नु हाम्रो कर्तव्य

हो वास्तवमा यदि संस्कृति कै आधारमा जाति बाँचेको छ, समाज र सभ्यता झाँगिएको छ । सानुभाइ शर्माको हास्यव्यंग्य 'उज्ज्वल भविष्य'ले पाठकवर्ग हँसाउने र मनोरञ्जन दिन पछि परेको छैन । व्यंगात्मक साहित्य रचना सुगम विषय होइन । व्यंगात्मक साहित्यको लेखनशैली, शब्दहरूको चुनाई र प्रयोगमा पाठकवर्गको अन्तर्मन कुत्कुत्याउन सक्ने क्षमता हुन आवश्यक छ, जुन 'उज्ज्वल भविष्य'मा निहित छन् ।

'दायित्व'मा कविता विधा अन्तर्गत तेइस कविताहरू छापिएका छन् । कवि मोहन ठकुरीको कविता 'कठै यो मोहन ठकुरी'मा आफ्ना अव्यक्त वेदनाहरू र अपूर्ण सपनाहरूको परिप्रेक्षमा कवि ठकुरी निराशावाद र पलायनवादको शिकार भएको देखिन्छ । कवि समीरण क्षेत्री 'प्रियदर्शी' आफ्ना प्रगतिशील कविता 'सडक'मा वर्तमान युगको स्वार्थी र धूर्त नेताहरूले जनताको हक र स्वतन्त्रता गलहत्याई आफु समेतलाई अपाङ्ग र निस्साहाय बनाई बाँच्नु कै जिजीविषाको निम्ति अरूमा निर्भर हुनपर्ने बाध्यताको पर्दाफास गरिदिएका छन् । एकातिर कवि नीर सेरमा आफ्ना कवितामा दार्शनिक भाव व्यक्त गर्दै शिखर ताकेर अघि बढ्न चाहने तर भञ्ज्याङतिर अलपत्र परेका पूजा र प्रसंशाका भोका नेपाली जातिको अस्तित्वमाथि शंका प्रकट गरेका छन् भने अर्का कवि नव सापकोटाले 'म नेपाली' कवितामा नेपाली जातिलाई शौर्यशील इमान्दार कर्तव्यपरायण, धर्मपरायण, देशभक्त र जातिप्रेमको प्रतीक मानेका छन् । केदार गुरुङले आफ्ना देशवासीप्रति शुभकामना व्यक्त गर्दै जातिय अनेकतामा एकताको भावना जागृत गराई नीति, धर्म, कर्म र विचारमा समन्वयता ल्याई देशदासी फुलेको फलेको देख्न चाहन्छन् । अन्य कविताहरूमा कर्ण थामीको 'यो टाउकोमा विश्व ब्रह्माण्ड छ,' केवलचन्द्र लामाको 'धमको निधारमाझः हिमाल' किशोर भोक्तानको 'पर्खने दिनहरू' बालकृष्ण पौडयालको 'मेरा युद्धहरू मरेका छन् मसंग युद्ध गर्दै' कविताहरू सशक्त र स्तरीय छन् । यी कविहरूबाट यस्ता उम्दा रचनाहरूको अपेक्षा गरिन्छ ।

समालोचना साहित्यको एक प्रमुख र सशक्त विधा मानिन्छ । यसै विधा अन्तर्गत गोपीकृष्ण शर्माको 'इन्द्रबहादुर राईको सँगालो 'पहाड र खोला' माथि निथाल्दा' शीर्षक समीक्षात्मक लेखले 'दायित्व'को स्तरलाई धेरै माथि पुऱ्याईदिएको छ । शर्माज्यूले नेपाली साहित्य जगत का मूर्धन्य कथाकार, समालोचक र निबन्धकार तथा नेपाली साहित्यमा आयामिक लेखन शिल्पका प्रयोक्ता इन्द्र बहादुर राईका लेखहरूमा पाइने लेखनशिल्पको चमत्कारिता, भाव सम्प्रेषणीयता र बौद्धिक परिपक्वताको समीक्षात्मक विश्लेषण प्रस्तुत गरेका छन् । विविध विषयको गहन अध्ययन र मनन गरी यथार्थताकै परिप्रेक्षमा विशेषतः सामाजिकपक्षलाई आत्मसात गरी सामान्य विषयबस्तुको व्याख्यात्मक विश्लेषण सुन्दर लेखनशैलीमा प्रस्तुत गर्ने राईज्यूको लेखनशिल्प प्रभावकारी रहेको कुरा कसैले नकार्न सक्तैन । 'राजनारायण प्रधानको आलोचना' शीर्षक लेखमा कृष्ण गौतमले हाम्रा अर्का सुविख्यात समालोचक राजनारायण प्रधानको समालोचना सिद्धान्तको व्याख्या गर्दै प्रधानज्यूले कुनै पनि विषयमा निहित उद्देश्यको रहस्योद्घाटन व्यवस्थित तथा विवेचनात्मक ढङ्गमा सफलतापूर्वक प्रस्तुत गरी बौद्धिक गाम्भीर्यताको परिचय दिएका छन् भनेका छन् ।

यसरी साहित्यको बिविध विधागत रचनाहरू प्रकाशित गरेर 'दायित्व'ले सुझबुझका साथ पत्रिकाको महत्वाकांक्षालाई पठनीय, सर्वग्राह्य र समयानुकूल बनाउन सफल भएको छ । नेपाली भाषा र साहित्यको सम्बर्द्धन र विकासमा 'दायित्व'को निरन्तर योगदानको अपेक्षा गरिन्छ ।

दार्जीलिङ ।

कबिता

क्रम

– विमल क्षेत्री
दार्जीलिङ्ग

कालको कोही शत्रु पनि हुँदैन ।
कालकोलागि कोही प्रिय मित्र पनि हुँदैन ।
काल कसैकालागि मध्यस्थ पनि हुँदैन ।
कालले कसैलाई छोड्दैन यो संसार सँधै निलिरहन्छ ।

महाभारत, स्त्रीपर्व

अश्वत्थामाका आयु पनि शेष भए
लामो आयुका वरदानहरू
जता गएर जति हात फैलाए पनि
फेरि हरेकले आफ्नो आकार
निराकार बनाएर जानुपर्छ
यहाँ कुनै मान्छे
सृष्टिको आरम्भदेखि
आजसम्म रहेर आएका छैनन्
हामीले यो शाश्वत सत्य
चुपचाप स्वीकार्नु पर्छ ।

हरेकको अन्ततामा,
त्यसको उपस्थितिले
पृथ्वी संतुलित रहेको छ
हामी संतुलित बाँचिका छौं
पछि आउनेहरू बाँच्नेछन
क्रम पछिको क्रम
संतुलित भएर जानेछ
त्यसको नियमितता भत्किएमा भने

देवलोक र मानवलोकमा
आतंक सृजना हुनेछ
आजसम्म बगेर आएको
त्यो परम्परागत नदीलाई
हामीले स्वीकार्य दृष्टिले हेर्नुपर्छ
कुनैदिन सुटुक्क
म
तिमीहरू
हामीहरू
त्यही नदीमा बगेर जानुछ
व्यर्थ हामी किन भएभीत बनौं ?

धर्मलोकको त्यो एउटै दृष्ट हो
यसले विश्वभरिका जीवनहरूलाई
समानता प्रदान गरेको छ
यसको क्रमबद्धतामा
कोही पनि छोडिँदैन
यति हो डिलो छिटो
त्यसको क्रम पर्खेर बस्नुछ ।

पोखरा : जो मेरो आँखाबाट ओझेल हुन सकेको छैन

– मिलनराज गर्तौला

दुनियाँको आखिरी स्टेसनलाई नभेटेसम्म आफ्नो जिन्दगीको गन्तव्य कहाँ छ भन्ने कुरा ऊ स्वयं थाहा पाउँदैन–मानिस । तर मृत्यु एक त्यस्तो सबल र जिद्दी गर्ने अदृश्य शक्ति हो जस्को सामु कसैले पनि आफ्नो यात्रा अपुरो नै छ भनेर छुटकारा पाउँदैन । समष्टिमा भन्ने हो भने कर्तव्यशील यात्रामा व्यस्त त्यो मानव जीवनको लक्ष कहिल्यै पुरा हुँदैन, चाहे ऊ ज्यादै बृद्ध भएर मरोस् या झिनो भएर । मृत्यु जीवनको बाधक हो भन्ने कुरा नकार्न मिल्दैन ।

अँधेरी रातमा रुमल्लिएर अनि जंगली पातहरुमा आफ्नै तीता मीठा कहानी लेख्दै हिंड्ने सबै जस्तो म एक यात्री जिन्दगीको परिवेशमा सछारिएर पुगेको थिएँ पोखरा ।

चुल्बुले आदत, नरिसाउने बानी, सायद आफ्नो प्रकृति नै यस्तै भनुँ, पटक पटक अविभावकको गाली खाँदा पनि नचेतेर ज्यालबाट टाउको निकाल्दै, आइपुगें पोखरा स्वयं रमाउदै नाइट बसमा ।

"नाइट बसैमा .. चङ्गा झैं मन बन्यो, छैन होसैमा ।"

बिहनीको त्यो पोखरा मलाई डाक्दै थियो । लाग्यो कि पोखराले म काठमाडौंको पाहुनालाई स्वागत गर्ने पाएकोमा आफूलाई अहोभाग्य ठानेको छ । तर मलाई मात्र स्वागत गर्नमा व्यस्त थिएन अपितु अनेक रूप र रङ्गका विदेशी पर्यटकहरूलाई नमस्तेको अभिवादनमा लुकेको पोखरा स्वयं मस्किरहेको थियो, मानौं भरखर १४ वर्षे उमेरमा पदार्पण गरेकी एउटी लज्जालु किशोरी हो पोखरा ।

वर्णन र कहावतलाई विश्वास नगर्ने म अस्तित्ववादी मान्छे हरेक कुरालाई आफै स्पर्श गर्न चाहान्छु । हुन सक्छ यो मेरो अल्लारे र हठी बानी । तर पनि फेवाताल यस्तो छ भन्ने मेरा पढित साथीहरूको सामु पर्दा मलाई दुःख लाग्यो कि फेवा सायद तिमीसंग जम्काभेट गर्ने मेरो भाग्यमा नै छैन होला । महिनौं मरुभूमीमा हिंडेर थाकेको मानव झैं म प्यासी थिएँ– फेवातालसंग पिरती गाँस्न । त्यसैले अविभावकलाई भनें सर्वप्रथम मलाई फेवाताल देखाइ दिनु पर्छ ।

बस बिसौनी भन्दा केही पर नास्ता गरेर अनि त्यसै सानो चिया पसलको बाहिर ढाकामा आएर केहीबेर उभिएका हामी नव आगन्तुकलाई मैलो लुगा लगाएको अनि जीवनपथमा संघर्षशील कदम बढाइरहेको एउटा रिक्सावाला आएर कतै जाने प्रश्न सोध्छ । रिक्सामा बस्ने ! हामी भन्छौं फेवाताल । बस् यति । 'साथी यात्री बीच सडकमा ईश्वर हिंड्छ साथ, चुम्दछ ईश्वर काम सुनौलो

गरिरहेको हात, भनेर महाकविजी बोले जस्तै परिश्रमलाई ने ईश्वरको पूजा सम्झेर जीवनानन्दको सुधा पिउने इमान्दार र कर्तव्यबाट महान बन्न पुगेको त्यो रिक्साबाला सकिनसकि पाइडल चाल्दै गीत गाउँछ, "रोजेको तिमीलाई नै हो हजारौं हजारमा । अस्ती मात्र आँखा जुधेको पोखरा बजारमा ।।" ऊ जस्तै हुने रहरमा म ऊ भित्र हराएर हेर्छु 'रात दिन काम गरेर आर्जेको केही पैसाले कान्छीलाई चौबन्दी सिइदिने प्रेमको भोको मायाको उदार व्यापारी तिमी यो देशको गहना अनि पवित्र भावनाको अशेष व्यक्तित्व, म भन्दै जान्छु– केवल ढुकढुकीले मार्दै ।

"यही हो फेवाताल" अबिभावकको आँखामा आश्चर्यका बिम्बहरू थिएनन् जति ममा थिए । किनभने उहाँहरू म जस्तो नव आगन्तुक हुनुहुन्थ्यो जस्तो म थिएं । हरिया वृक्षहरूले टनाटन ती विशाल ढिस्काको खोंचमा एउटा ठूलो क्षेत्रफल ओगटेर बसेको फेवाताल ऊ स्वयं गम्भिर देखिन्थ्यो भावनाको आँचलमा पौडेर सौन्दर्यको संसारमा विलिन भएर । यौवनले छचल्किएकी रूपकी रानी सायद परी जस्ती प्रकृतिकी छोरीको हेरिरहुं जस्तो सहीरूप र बराबर रसिलो न रसिलो त्यो फेवातालले जो कोहीलाई पनि एउटा मान्छेको मायातिर झस्काइन्थ्यो चाहे त्यो अतित होस् वा वर्तमानमा कोरिएको यथार्थ नाटक ।

किनारमा छरपुष्टिएका डुङ्गाहरू देखेर म त्यसतिर बढें रू १५।- भाडा तिरेर म त्यो काठको डुङ्गा लिएर जब तलाउको मध्य भागतिर लागें तब सम्झें उही मेरो पुरानै गीत, जो म फेवाताललाई नदेखेरनि उसको नै वर्णनमा गाउँने गर्थें–

"तिमीसंग डुङ्गामा घुम्दा घुम्दै फेवाताल,
नसोध कस्तो भयो मेरो दिलको हाल ।"

कल्पनाको सगरमा उड्दै स्नेहका पखेटाहरू चाल्ने म पखेरु थिएँ । यथार्थमा खुट्टाले खेलाउँदै पानी, कल्पनामा उनको काख सिरानी फूलमा माया दिंदै केही मुस्काउने मेरी रानी । डिल डिलमा घाँस काटिरहेका जवान गाउँले दिदी बहिनीहरूतिर स्वतन्त्र छरिएका मेरा नयनहरूलाई एकपल्ट त्यही तालमा नै सीमित गरिदिएँ । पाएँ एउटा माछाको पुच्छर जस्तो छाँया– "फेवातालको आगनमा लै लै माछापुछ्रे छाँया, जीवन मेरो सेती बगर बिना तिम्रो माया" झसक्क हृदयले यस्ता शब्दहरू बोलेको थियो । आफ्नो अगाडि विशाल छाती फर्काएर गर्वका साथ जुर्मुराइरहेको एउटा हिमाललाई देखें त्यही रहेछ मैले सुनेको माछापुछ्रे । मदिरामा भुलेको एक बेहोसी मानिसको लागि घडीका हरेक सुइहरू बन्द थिए अनि पोहोर साल पढेको मात्र 'पेरिस मुस्काउँछ रंगै रंगमा' भन्ने पाठको झझल्को आयो । उहाँ भन्नु हुन्थ्यो–घडी कुदिरहेको थियो तर म कुदेको थिइन । हामी दुवै जना रमायौं । फरक यत्ति हो उहाँ बिदेशमा रमाउनु भयो म स्वदेशमै रमाएँ । करिब ३ घण्टा त्यो पुण्यभूमीको पवित्र जलमा रमाएर म किनार लागें र फेरि पोखरा बजारतिर हामी फर्किएँ, विपनामा नै सपना देख्ने यो मेरो बानी पनि त्यति राम्रो होइन । म वास्तविकतामा त्यहीं रमाएको थिए, किनभने मेरो आँखाको नानी नै पोखराको फेवाताल भैसकेको थियो ।

म पोखरालाई चाडो छोड्न सक्दिन थिएँ । करिब सात आठ दिन म त्यहाँ बिताउने पक्षमा थिएँ । यो आँखाको आँसु असार साउनको झेल भएर बग्न खोज्छ जीवनदेखि टाढा हुन खोज्छ । तर त्यो बिरहको आँसु थिएन खुशीको आँसु थियो, जहाँ बगेको थिइन

खानी भक्तवत्सला विन्ध्यवासिनीको मन्दिरमा ।

आफू स्वाभिमान नभएर पाँच पैसाको तानामा आपनो जीवन जस्तो अमूल्य तत्वलाई बिकाउन विवश याचकहरू त त्यहाँ पनि वरपर छरिएका थिए । मलाई दुःख लाग्यो कि तिनलाई मैले वास्तविक माया गर्न सकिन किनभने मेरो पाँच दश पैसा तिनीहरूको प्रकृति स्नेहको वस्तु बन्न सकेन, वरू घृणा र अन्धसाप बनिदियो । त्यस अर्थमा जस्को कारणबाट तिनीहरूलाई सधैं भिखारी बन्ने प्रेरणा मिलिरहेछ अनि हिनता बोध भइरहेछ । हुनत अस्तित्ववादी भएको नाताले मूर्ति ढोग्ने पक्षमा म थिइन तर पनि ढोगिदिएँ । आस्थाका हातहरू प्रणाम गर्दै थिएँ, श्रद्धा र विश्वासका दिलहरू आशिष माग्दै थिएँ देवी ! यी नांगिएका प्राणीहरूको सेवा गर्न सकुँ ।

रहर र बाध्यताको सामूहिक नाम हो जिन्दगी तापनि कसैको लागि जिन्दगी रहरै रहर हो भनें कसैको लागि बाध्यतै बाध्यता ।

तर वास्तवमा घाम पानी, दिन रात, आँसु र हासोको क्रम जस्तै रहर र बाध्यताको क्रमिक समय नै जिन्दगी रहेछ । वस्तुतः कुरा यही हो कि रहरै रहरको दोश्रो नाम हो जिन्दगी भनेर सोच्ने मैले त्यसै दिनदेखि बुझें कि जिन्दगी बाध्यता र बिवशतामा पनि अल्झिदो रहेछ । महसुस यसकारण गर्दै थिएँ कि त्यसदिन मेरो दिल जस्तो पोखरासँग बिछोडिदै अनि उसको माया देखि टाढा हुदै थिएँ । लाग्यो–उसले गहभरी पिलपिल आँसु गर्दै मलाई भन्दै थियो —

"मायाँ सधैं नै चोखो सत्य र अमर हुन्छ ।
वरू कोही मायालु नै झुठो र जूठो हुन्छ
मायालुहरू मरेपनि मर्दैन मायाहरू
लाम माथी पनि माया बाँचिरहेकै हुन्छ ।"

विमानस्थलमा पुगेपछि पनि मेरो मन पोखरा नगरीको सुन्दर दृश्य देखि ओझेल हुन सकेको थिएन । मेरो अन्तरात्मा भन्दै थियो–

पोखरा तिमी आँसुको धारा नवगाउ गालैमा
तिमीलाई भेट्न आउनेछु फेरि विदाको बेलैमा ।

– काठमाडौं

मुक्तक

दाई ! दाई !! भनेर कत्ति बोलाएँ
अटेरि भई हिंडिरह्यो
रिसले गई पाखुरा समाएँ
नौलो केटी पो परिगयो !!
नयाँ जमाना क्या राम्रो
निक्कै पो रङ्गिएछ
नेपालीको पुरानो फेशन
कुन्नि कहाँ पो पुगेछ !!

स्वयम्बर "नेवा"
[हाल] काठमाडौं ।

कसैको शीरमा कालो टोपी छ कि छैन भन्ने कुराले कुनै अर्थ राख्दैन । यथार्थमा संस्कृति भनेको मानवको व्यवहार हो

– बी. पी. कोइराला

चुल्ङ्गीको मीठो आवाज पृथ्वीपथको सवारीको हुनुनु अन्नपूर्ण हिमालको अनुपम छटा, मङ्र्याङ्दीको बायाँ-बाँया काखमा झुण्डएका स साना टारको हरियाली गहुँबारी, वेसीहरूमा वयली खेल्ने लहरी भन्दा डोको बोकेर घाँस काट्ने बेसमत्त युवतीको मुग्लान पुगेको श्रीमानलाई घर फर्कने व्यग्र आह्वानले मेरो मन भुलायो । ठकिन, ध्रुव, सत्यराज, सुमिता, निर्मला, सुमिना र प्रेक्षा लगायतका थुप्रै साथीहरू आपसमा वाद विवाद गर्दै उल्लासका साथ लक्ष्यतिर बढी राखेका थियौं । म त प्रकृति प्रेमी, म एक्लै आफ्नै संसारमा रमाउँदै नागबेली उकालोमा आफ्नो यात्राको तीन घण्टा बिताउन नपाउँदै पहेंलपुर सुन्तलाको बगैंचाले ठाडो शीर उठाएर मनकामनाको दृश्य अवलोकन गर्न संकेत दियो । मनको कामना सिद्ध गराउने त्यस पवित्र स्थलमा दर्शन गरी रात बिताएर मेरो अतितको सपना पुरा गरें । भोली छ बजे बिहान पुनः "मनकामना" भेट्ने प्रणगरी ओरालो लाग्यौं । गोरखा दरबारको दृश्य, शाहकालीन एकीकरण अभियानको उद्गम स्थल पुरा गरी ११ गते राति नेपालको पर्यटक स्थल पोखराले हामीलाई आतिथ्यको स्वागत गऱ्यो ।

माछापुच्छ्रेको दृश्य, फेवातालमा ज्वार, बेगनास तास, रूपातालको जलासय, भाँसिएको सेती नदीको आवाज अर्घौं-अर्चले, बाटुले चौर, पोखराको यात्रा गर्नको लागि यो नौलो कुरा थिएन होला । तर मेरो मनको डायरीमा त्यो रमणीय उपत्यकाले जुन गहिरो छाप छोड्यो त्यो मेरो यस यात्रा निबन्धमा अव्यक्त कुरा हो । यसैले म पोखराको प्रकृतिप्रति ऋणीछु जसले मेरो कुंजिएको मन र हातलाई यात्रा संस्मरण लेख्न प्रबल प्रेरणा दियो । अरू पोखराका सुन्दर, शान्त, विशाल तलैयाहरू, गुरांसको जंगल, पर्यटकलाई कौतुहल जगाउने महेन्द्र गुफा, पा ाले छाँगो र हालको डेमिज फल्सको वजङ्गीरूप अरू मेरो जीवनको लागि कवि र लेखक बन्ने प्रेरणादायी कुरा भए । होटलमा बस्दा गुरुङ्ग, थकाली जातिको शिष्ट र सभ्य व्यवहार मेरोलागि पहिलो सभ्यताको पाठ भयो ।

तर पृथ्वीनारायण क्याम्पस पुग्ने बाटोमा नमिता र सुनीता जस्ता दुई कलिला युवतीको कुमारीत्व लुट्दै उनीहरूलाई बेवारीसे मृत्यु शैय्यामा पुऱ्याउने पापी हातहरूको स्मरणले पोखराप्रति पुनः मेरो घृणा जाग्यो । तैपनि मैले सोचें-सुन्दर कमलको फूल फुल्ने हिलोमा भ्यागुताको रुखो आवाज पनि सुनिन्छ ।

१२ गते बिहान पोखरालाई आफ्नो यात्राको डायरीमा राखी सिद्धार्थ राजमार्ग हुँदै अन्धा-अन्धीको दह, आँधीखोलाको उद्गम स्थल, नोडांडा, पुतलीखेत, वालिङ्ग, गलेङ्ग र मालुङ्गा हुँदै स्याङ्जा जिल्लाको उज्यालो ठाउँ छोडेर बस राम्दीमा पुग्छ । जहाँ काली गण्डकीको माथि अवस्थित पुलले उज्यालेमा तानसेनलाई चियाउनुहोस् अन्यथा धुस्टो ओढ्ने छिन भन्ने संकेत पाए पछि अँगाहा खोला, आर्य भञ्ज्याङ्ग र बतुंङ्ले यमरी हाम्रो यात्रालाई समाहित पाऱ्यो कि १२ गते उज्यालोमा तानसेनको रमणीयता देख्ने हाम्रो सपना गुम्यो । तैपनि तानसेनलाई आफ्नो विश्रामस्थल बनायौं ।

१३ गते दिनभरी तानसेन-मानौं एउटी सुकुमारी युवती, जसको आफ्नो अनुपम अनुहार देखाउन हामीसँग लज्जावती बनी । तैपनि मणीमुकुन्द सेनको दरबार श्री नगरको वरिपरिको सल्लघारीको दृश्य, रिङी तम्घास

जोड्ने रातो खण्डास्पद वाटो धवलागिरी हिमालको नजिकै देखिने अग्लो गजुर, माँडीफाँटमा बसेको अति-बाक्नो फाँको मिशन अस्पताल, क्याम्पसहरू, शहरको बीचमा अवस्थित विशाल टुँडिखेल र तानसेन नगरी जुन नगरीले नेपालका प्रकाण्ड विद्वानहरुको जन्मस्थल चयन गर्ने सौभाग्य पाएको थियो। तानसेन-विभिन्न टोलहरूको सहर समग्रमा मेरोनिम्ति कुहिराको काग बनेपनि पुनः नगरीलाई भेट्ने सम्झौता गरी हाम्रो यात्रा बर्तुङ केरावारी दोभान हुँदै १४ बुटवलतिर भयो।

महेन्द्र राजमार्गको केन्द्र बिन्दु सिद्धार्थ राजमार्गको भैरहवा पछिको दोस्रो द्वार तथा त्यसका उद्योग धन्दा र कलकारखानाले बुटवललाई जति आर्थिक क्षेत्रलाई मजबुत बनायो त्यो भन्दा बढी महाभारत र केही चुरेपहाडको पदचाप दुन प्रदेशमा स्थापित यस नगरलाई रम्य यिने तिनाउँ, नदीले दुई भागमा विभाजित गरी खस्यौली र बुटवल नामाकरण गरायो सोही दिन दिउँसो पुरानो बेभरीका (भैरहव) सिद्धार्थ नगर तिर लाग्यौं। करिब ४ कि. मी. दक्षिण भारतीय सीमा नौतनवा रहेपनि हाम्रै सांस्कृतिक प्रभावबाट प्रभावित त्यहाका जाति थिए। त्यो भन्दा बढी सुन्दर शान्त विशाल बजारको निर्माण नै थियो भैरहवाको द्वार बर्मेलीटोलमा नपुग्दै मलाई त्यो अमर अहिंसाको दार्शनिक एशियाको तारा गौतम बुद्धको याद आयो जसको दर्शन वा प्रभावले विश्वलाई प्रभाव नपारी छोडेन। करिब २२ कि. मी. पश्चिमतिर, पर्ने बुद्ध स्थलतिर हामीले दिउँसोको यात्रा आरम्भ गऱ्यौं। हवाइग्राउण्ड, चिनीमिल, बेथरी, पकडी बस्ती हुँदै जति-जति मायालु काखमा नजिकिदै छौं, उति-उति गहुँका लहलहाएका बालाहरू पनि पूर्वी हावाको गतिमा प्रभावित भएर पश्चिमतिर नाच्दै हाम्रो यात्रालाई साथ दिदै थिए। नभन्दै हाम्रो यात्राको अन्तिम बिन्दुमा हामी आइपुग्यौं। अशोक स्तम्भ, ठूलो एकडमा फैलिएको बगैंचा, माया देवीको मन्दिर र संसारकै ताराको पवित्र जन्मस्थललाई दर्शन गर्न पाउँदा मैले मेरो जीवनको पुरानो सपनाले सफलता पाएको अनुभव गरें।

संखुवासभा व. क्याम्पस

On The

HAPPY NEW YEAR 2051

We Wis Prosperity & Succes To all Our Readers

Patrons and Well Wishers

Trans Himalayan Tours (P) Ltd.

GSA JAPAN AIRLINES

P. O. Box 283, Telex : NP 2233 THT, Cable : TRANSEVIEW

Tel : 224854, 223871 Durbarmarg. Kathmandu, Nepal.

कवि हराएको सूचना !

– रत्ननिधि रेग्मी
(संखुवा सभा)

धेरै दिनदेखि यो शहरबाट एउटा कवि हराएको छ
कतै त्यतै समस्याको डोको बोकेर आएको पनि हुनसक्छ
रिनै-रिन, अभावै-अभावको घाउले छट्पटाउँदै
अथवा आश्रयस्थलको खोज खातिर पनि त्यता आएको हुनसक्छ
मरेको त पक्कै छैन होला, भूमिगत भएको पनि हुनसक्छ
भेट्नु हुने महानुभावले तलको ठेगानामा कृपया ! पठाइदिनु भए पुग्छ ।

पुड्को, पुड्को तर झिनो, नाक बाहिर निस्किएको तर गहुँगोन्हो
वर्ष त अन्दाज नभर्नो, बूढो नभइसकेको तर बैंस पनि गइसकेको
हातमा किताबका ठेली च्यापेर हिंडिरहने ठयाक्कै भानुभक्तीय आकारको
अलिकति, बेस्याहारका जुँगा काटिएको, गाला स्याप्रिएको
कुन्नि ! आजकल चश्मा लाउँछ वा लाउँदैन त्यो त मलाई पनि थाहा छैन
तर एउटा बूढो कोट, सस्ता मयलपोश, र बाजेको पालाको घडी बाँधेको
करिब साढे पाँच फिट उँचाइको एउटा पुंसक कवि हराएको छ,
पञ्चायतकालमा विनसित्ति सताइएको,
प्रजातन्त्रकालमा मुद्दामाथि मुद्दा बर्साइएको
बेघरबार, बेपरिवार, रिनैरिनको अँशियार
उक्त कविलाई भेट्नु हुनेले देवकोटा आश्रममा भेजिदिनु होला
उचित पुरस्कारको व्यवस्था नभए पनि रित्तो हात फर्काइने छैन ।

बाबु-आमा नभएको, घरबार परिवार पनि नजोडिएको
भोको पेट नाङ्गो आङ लिएर आँसु नै आँसुमा नुहाइरहेको

कविता बेचेर छाक टार्न नसकेको, लेख बेचेर सास थाम्न नपाएको
दान्ही जुँगामा लिखा पर्दा पनि लिखे औषधि किन्न नसकेर रन्थनिएको
दश वर्षदेखि एउटै सुकुलमा पसारिने भाग्य पाएको
कलमको अभावमा कापीको समस्यामा दिनहुँ पिरोलिएको
यी सम्पूर्ण मान्छेहरूको भलाई गर्ने उद्देश्य बोकेर
शहरको ओल्लो गल्ली–पल्लो गल्ली सर्वे हिँडिरहे ो
अचानक शहरको बीचबाट एउटा कवि हराएको छ
रित्तोगुन्द्री टकटक्याएर म आव्हान गर्दछु
भेट्नु हुने महानुभावले देवकोटा आश्रममा तुरुन्तै पठाइदिनु होला ।

कवि मर्दा गर्व गर्ने देशमा कवि हराएको कुरा कुनै समाचार बन्दैन
कवि मार्ने नियत बोकेका निर्णायकहरू भएको ठाउँमा
कवि विस्थापित भएको कुरा महत्वको विषय बनि हुँदैन
दिमाग धरौट राखेर पैसा कमाउने नक्कली लेखहरूको भीडमा
गधालाई गधा लेख्ने कवि नहराएको इतिहास पनि छैन ।

मान्छेको विवेकलाई कुम्भीपाकमा वफ्याएर
एकघरि मानिसहरू हाड–मासुको महाभोज लगाइहेछन्
विवेकको छातीमा विसंगतको बन्दुक सोझ्याएर
अर्कोघरिका मान्छेहरू महाभारतको कथा बाँचिरहेछन्
भाषा–सेवीहरूका रगत र पसिनामा मस्त डुब्नेहरू नै
पुरस्कार रुपी हड्डी पर्याकेर सबका सब कविहरूलाई गिज्याइरहेछन्
त्यसैले पनि यो विसंगतिको कालो बादल भित्र कवि विरक्तिएको हुनसक्छ
मानवीय स्नेहको अभावमा कवि विरानिएको हुनसक्छ
गाउँमा त ऊ अवश्यै पसेको छैन होला, पसेको भए वेश हुने थियो
यदि शहरमा नै यो फोहोरको थुप्रोभित्र कवि पुरिएको रहेछ भने
आजका मितिदेखि लागू हुने गरी यो सूचना जारी गरिएको छ कि–
पाउनु हुने महानुभावले सरासर देवकोटा आश्रम मै पठाइदिनु होला,
उचित पुरस्कारको व्यवस्था पछि गरौंला, अहिलेलाई खर्च आफै हाल्नु होला ।

पुस्तक परिचय

– ठाकुर

"राष्ट्रिय प्रतिभाका शक्तिमान् पुजारी तथा चिन्तक साधकहरूको संरक्षण गरी देशका प्रतिभाको स्तर उठाई त्यसलाई जनहितमुखी बनाउनु नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको लक्ष्य हो" ... ईश्वर बरालद्वारा आमुखमा व्यक्त विचारको आधारमा सोही प्रतिष्ठान-द्वारा प्रकाशित कृति हो "मान्छेको अस्मिता"।

जीवन जटिल छ, त्यसको चित्रण गर्ने कविता जटिल हुनु पर्छ, अनिमात्र त्यसले जीवनको तथाकथित सिङ्गो चित्रण गर्न सक्छ भन्ने कविताको धारणा नै कविताको रूप र विषय दुबै भयो . . . यी शब्द व्यक्त भएकाछन् यस कविता संग्रहको बारेमा अभि सुवेदीद्वारा।

स्वयं कविकै शब्दमा – यो पहिलो प्रयास हो र कविता संग्रह प्रकाशित गर्ने रहर थियो .....' यसरी प्रथम पुस्तिकाको रूपमा पाठक, समालोचक, साहित्यिक व्यक्तित्वका सामु समर्पित गरिदिने कविको नाम हो–जीवनाथ धामला।

नव प्रतिभाको संज्ञा दिए पनि कविताहरू विभिन्न पत्र पत्रिकामा देखिने धेरै समय भएको थियो र यस कविता संग्रहभित्र पनि पहिले-पहिले पत्रिका-मा प्रकाशित र अप्रकाशित कविताहरू समाविष्ट भएका छन्।

परिवर्तित समय भन्दा पहिले लेखिएका कविता भए पनि परिवर्तित समयपछि प्रकाशित संग्रहमा समाविष्ट गरिएका कविता अवश्य पनि हृदयग्राह्य र मर्मस्पर्शी अवश्य छन्।

अन्तरात्माले बोलेको कुरो सर्वग्राह्य हुन्छ र हुनु पर्छ, समयले त्यसलाई बाँध्न सक्दैन। जुनसुकै समयमा लेखिएको भए पनि कविभावना मुखरित भएको छ भने दीर्घकालीन अवस्थासम्म अक्षुण्ण रहन्छ।

यस कविता संग्रहमा व्यक्त भएका भावनाहरूले हरेक पक्षलाई आत्मसात गर्न खोजेको देखिन्छ र गद्यात्मक कविता-कवितामय भएर कविको भावना जागृत भएको छ' समाजका समस्याप्रति आधुनिक कविताको रहर र लहर कता बगेको छ यो पाठक सामु प्रष्ट छ।

"प्रत्येक परेलाका चेपहरूबाट अप्रकट युद्ध चुहिरहेछ" ...

(नयाँ सडकको यात्रा)

"मलाई त मेरो देश खोज्दै हिंडन मन लागिरहेछ" ...

(मेरो गाउँ र मेरो देश)

तिम्रा विश्वासका लेकहरूमा अब गुराँस फुल्नु पर्छ ...

(युवा तिमीले)

"बाग्मती समयको ग्रहण बाहेक केही हुन सक्दैन" ...

('बाग्मती' बाट)

यस कविता संग्रहमा वाग्मती जस्ता नदीहरूको प्रवाह अविरल नवगेपनि कवि भावना अविरल बगेको देखिन्छ । यस्तै यस्तै संग्रहमा 'यात्रा' कविताबाट प्रारम्भ हुँदै ''मान्छेको अस्मिता'' सम्म पुग्दा ३१ वटा शीर्षकमा मन एकत्रित गर्नु पर्छ वा पाठक हरेक विषयमा यात्रा गर्दछ । जेहोस् जीवनका अनेक समस्यालाई खोतल्न सफल देखिन्छन् यस भित्रका कविताहरू ।

युवा पुस्ताका कविहरूमा स्थापित कवि जीवनमा धमलाका कविताहरूले जीवन दर्शन त अवश्य गराएका छन् र यो निरन्तरता पनि रहनु पर्छ जस्तो लाग्छ । सरलता, सरसताले र सुबोधताले हृदयलाई छुन्छ, रस प्रदान गर्छ र भाषामा सुगमता ल्याउँछ, शब्दाडम्बरले हैन । धमलाको भावि समय प्रयोगहीन नबनोस् यही कामना ।

कृति–मान्छेको अस्मिता

कवि–जीवनाथ धमला

प्रकाशक–नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

संस्करण–प्रथम

प्रकाशन समय–वि. सं. २०४९ साल

पृष्ठ– ६७

मूल्य २८।- (रू अठ्ठाइस मात्र)

\+ \+ \+

जुही प्रकाशन पुस्तक मालाको दोस्रो कोसेलीका रूपमा देखापरेको 'पारिजात परिचय र मूल्याङ्कन, भन्ने पुस्तक हाल-सालै प्रकाशित भएको छ ।

२०५० साल माघमा प्रकाशित प्रस्तुत पुस्तक चूडामणी रेग्मीद्वारा लेखिएको हो । आवरण पृष्ठमा पारिजातको तस्वीर समेत समावेश गरिएको यस पुस्तकको मूल्य केही बढी भएपनि यसको आफ्नै महत्व छ ।

नेपाली साहित्यकी अद्वितीय प्रतिभा पारिजातका विषयमा प्रस्तुत पुस्तकमा गम्भिर रूपले संक्षिप्त रूपमा निक्यौल गर्ने प्रयास गरिएको छ ।

पारिजातको जन्म, पारिजातका साहित्यगत मान्यता, समालोचनाका सन्दर्भमा पारिजातकै प्रतिक्रिया, उपन्यास सृजनामा पारिजातकै अवधारणा, पारिजातका कविता, कथा र निबन्ध सम्बन्धी मूल्याङ्कन गरिएका अलग अलग अध्यायहरू रहेका छन् । नेपाली साहित्यका विविध विधामा अनवरत रूपमा कलम चलाउने साधिका पारिजातकै विविध विषयलाई लिएर लेखिएको संभवत यो पहिलो पुस्तक हो ।

नेपाली समालोचनाका क्षेत्रमा कलम चलाउने साहित्यकार श्री रेग्मीको यो प्रयास नेपाली साहित्यको एक प्राप्तिका रूपमा देखापरेको छ । लेखको आफ्नो प्रस्तावित वर्णविन्यासको प्रयोग गरी लेखिएको यो पुस्तक पढ्दा बानी नपरिसकेका पाठकहरूमा केही असजिलो नपर्ला भन्न सकिन्न ।

तीनजना साहित्यकार तथा समालोचकहरूको मन्तव्य समेत रहेको प्रस्तुत पुस्तकले परिजातका सन्दर्भमा शोध गर्ने साधक र जिज्ञासुहरूको उत्सुकता र खोचोलाई केही हदसम्म भए पनि पुरा गर्न सक्नेछ ।

नामः पारिजतः परिचय र मूल्याङ्कन

सं. चूडामणि रेग्मी

प्रकाशिका : श्रीमती वेदकुमारी रेग्मी

पृष्ठ संख्या १४०+६

मूल्य : ६४।-

शम्भुप्रसाद ढकाल

चन्द्रगढी

आग्रह

– देवेन्द्र गौतम

सूर्य जब अस्त हुन थाल्छ
चराहरू आफ्नो वासस्थानतर्फ फर्कन थाल्छन्
र ताराहरू आकाशमा चमचमाउन थाल्छन् ।
मेरो आँखा वरिपरि अँध्यारो फैलिन थाल्छ ।
आँखामा निद तैरिन थाल्छ ।
म आफ्नो ओछ्यान बनाउन थाल्छु ।
त्यतिबेला मलाई,
आफ्नो मृत्युशैय्या आफैले सजाए जस्तो लाग्छ ।
भोलिको भरोसा के छ र ?
काल आजै राति पनि आउन सक्छ ।
आफ्नै बलवान हातहरूले
मेरो घाँटी समाउन सक्छ ।
मलाई मर्न डर लाग्दैन ।
तर संसारमा आएपछि
रित्तै फर्कन पनि त मन लाग्दैन ।
त्यसैले प्रत्येक रात कालसँग
आज राति नआउन आग्रह गरेर सुत्छु ।

बागबजार,

जीवन

– प्रमोद नेपाल

जीवन, मलाई लाग्छ
धेरै रुनुको नाम हो
थोरै हाँस्नुको नाम हो
जीवन, मलाई लाग्छ
कम जित्नुको नाम हो
प्रायः हार्नुको नाम हो
सोचेको जस्तो भेटिन्न हम्मेसी
रोजेको जस्तो पाइन्न हम्मेसी
जीवन- मलाई लाग्छ
थोरै आशाको नाम हो
धेरै निराशाको नाम हो
जीवन, मलाई लाग्छ
धेरै बिसिंनुको नाम हो
थोरै अमर हुनुको नाम हो
अनि मलाई लाग्छ
जीवन, बुझ्नुको शब्दमा लुकेको छ
जीवन, घोत्लिएर मनन गर्नुको अर्थमा बाँचेको छ ।

वीरगंज ।

On The Happy New Year 2051

We Wish Prosperity And Success To
All Our Readers Patrous And Well Wishers

Monal Travel & Tours (P) Ltd.

Tel No. 4-18551 Po. Box 5002
Kamaladi, Kathmandu Nepal

आजको अवस्था

– बी० योन्जन,

गाउँको डाँडामा उभेर दुई जना साथीहरू घाम झुल्केको हेरिरहेका थिए ।

– 'हेर साथी, पूर्वमा कस्तो रातो भएर आयो'– एउटाले भन्यो ।

– 'अँ, कुनै रातो सुनौलो गोला निस्के झैं लाग्दैछ– अर्कोले भन्यो ।

– साथी, तिम्रो विचारमा त्यो के हुनसक्छ ?

– त्यो ? त्यो त घाम नै हो ।

– घाम ? तिमीलाई कसरी थाहा भो त्यो घामै भनेर !

– पक्का त भन्न सक्तिन, तर कहीं पढेको थिएँ कि घाम यस्तै रातो गोला हुन्छ भनि पूर्व दिशाबाट...

– तर यति कुराले मात्र त्यो घामै हो भनेर कसरी प्रमाण गर्छौ ? तर म त्यो घाम होइन भनेर प्रमाण दिनसक्छु ।

– हिड्, गाउँ बुढा कहाँ ।

दुवै गाउँको मुखिया भए ठाउँमा गए ।

– मुखिया बाजे, त्यो पूर्वमा देखिएको के हो ? भन्नोस त !

– खोई के छ ? म त केही देख्दिन ।

– हेर्नोस न, उ त्यो रातो रातो गोला जस्तो के हो ?

– ए ... त्यो त घाम हो, त्यति पनि थाहा छैन ?

– तर बाजे, यो घामै हो भनेर कसरी भन्नु हुन्छ ?

– नानी, सबैले त्यसलाई घाम भन्छन् ।

त्यतिखेर केही मानिसहरू त्यहाँ भेला भए । वाद विवाद जारी थियो । हेर्दा हेर्दै भीड बढ्दियो । पहिलो-ले भीडलाई भन्न थाल्यो –'साथीहरू, के प्रमाणसित भन्नसक्नु हुन्छ कि त्यो घामै हो ? यो अरू कुनै ग्रह किन होइन ? म भन्छु - यो घाम होइन अरू कुनै ग्रह हो ।

एउटा बुढो मानिसले समर्थन गऱ्यो –'ठिक हो, यो अरू नै कुनै ग्रह हुनसक्छ ।' बुढोको कुरो सुनेपछि अरू केही मानिसहरूले पनि समर्थनमा टाउको हल्लाए– 'ठिकै हो, ठिकै । आवाजको गुनगुन सुनियो ।

दोस्रो व्यक्ति, आत्तिएर पूर्व दिशातर्फ दौड्न थाल्यो । शायद उ 'प्रजातन्त्र आइपुग्यो' भन्ने खबर घामलाई सुनाउन खोजेको हो ।

दार्जीलिङ्ग

चन्द्रमा र तारामुनि सपनाको जुन स्थान छ सूर्य मुनि कल्पनाको उही स्थान छ ।

– महाकवि देवकोटा

पाठकको दृष्टिकोण

सम्पादकज्यू,

दायित्व मासिक

सर्वप्रथमतः नेपाल बाहिरका साहित्यकारहरूको सम्मान गरेर भारतीय नेपाली साहित्यिक विशेषाङ्क प्रकाशित गर्न सफल भएकोमा दायित्व परिवारप्रति आभार व्यक्त गर्न चाहन्छु । भारतको संविधानको आठौं अनुसूचिमा नेपाली भाषाले मान्यता पाउनु भारतीय नेपाली भाषीहरूलाई जति खुशीको कुरा छ, त्यति नै खुशी हामी नेपाली भाषा र साहित्यप्रेमीका लागि पनि छ ।

हुनत भारतीय नेपाली साहित्य हाम्रो लागि त्यति पराई छैन । त्यसमा पनि दायित्वले भारतीय नेपाली साहित्यिक गतिविधिलाई समेटेर पाठक सामु ल्याएर एउटा गतिलो दायित्व पुरा गरेको छ । तर एउटा खट्केको कुरा अर्कै छ, जुन रूपमा दायित्वले आफ्नो दायित्व पुरा गऱ्यो त्यही अनुरूप उताबाट दायित्वबोध नभएको भन्ने तथ्य प्रस्तुत विशेषाङ्कको ३३ पृष्ट पल्टाउदै जाँदा थाहा हुन्छ ।

शाभेक सिक्किमका कवि (?) समीरण क्षेत्री "प्रियदर्शी" को नाउमा दायित्व वर्ष ७ पूर्णाङ्क २१ मा प्रकाशित "सडक" शीर्षकको कविता २०४८ साल माघ ११ गते गोरखापत्र शनिबार परिशिष्टाङ्कमा प्रकाशित मेरो कवितासँग अक्षरशः मिल्नेगरी प्रियदर्शीले उक्त कविता आफ्नो नाउँमा छापेर नेपाली कविता साहित्यलाई भारतमा अवैध आयात गरेर साहित्य सेवा गर्न खोज्नु भएको त होइन ?

प्रस्तुत "सडक' शीर्षकको मेरो कविता र प्रियदर्शीजीको नाउमा प्रकाशित सोही कविता कसरी प्रकाशित भएको छ त्यो म विज्ञ पाठकसामु राख्न चाहन्छु ।

२०४८ साल माघ ११ गते शनिबार

"सडक"

रमेश पौडेल

तनहुँ ।

मेरो आफ्नै कथा छ
कथा गर्भ मै लुकेको छ
मेरो आफ्नै व्यथा छ
व्यथा सहिनसक्नु गरी दुखेको छ
दुखाई अन्यत्रको भन्दा ...
... ...
... ...
आहत चेतमा शहीद बोकेको छु ।

वर्ष ७ भारतीय नेपाली साहित्यिक विशेषाङ्क २०५० पूर्णाङ्क २१

"सडक"

समीरण क्षेत्री "प्रियदर्शी"

गान्तोक, सिक्किम ।

मेरो आफ्नै कथा छ
त्यो कथा गर्भमै लुकेको छ
मेरो आफ्नै व्यथा छ
व्यथा सहिनसक्नु गरी दुखेको छ
दुखाई अन्यत्रको भन्दा ,,
,, ,, ,, ,,
,, ,, ,, ,,
आहत चेतमा शहीद भनाउँनाहरू बोकेको छु ।

यसरी अक्षरशः मेरो कविताको प्रतिलिपि उतार्दा कवि महोदयले कविको नाउमा चाहीं आफ्नो नाम उल्लेख गर्न छुटाउनु भएको छैन, त्यो उहाँको कवि मोह-प्रतिको आत्मरती मात्र हो ।

श्री रमेश पौडेलजीले सप्रमाण आफ्नो प्रतिक्रिया व्यक्त गर्नु भएकोले हामीले आफ्नो कर्तव्य निर्वाह गरेका छौं । यसैगरी श्री समीरण क्षेत्री प्रियदर्शीजीले पनि यसै प्रकारको आधारभूत तर्क वा खण्डन पेश गर्नु भएमा दायित्वले प्रकाशनको दायित्व पुरा गर्नेछ-सं.

\+ + +

श्रीमान सम्पादकज्यू

दायित्य मासिक,

दायित्वका प्रत्येक अंक नियमित रूपमा किनेर अध्ययन गर्दछु । सामग्रीहरूको स्तर वृद्धि हुँदै गएकोछ ज्यादै खुशी लाग्छ । विशेष गरी समीक्षा, समालोचना, जीवनी संस्मरण रूप र अन्तर्वार्ता मलाई ज्यादै मन पर्ने विषय हुन । कुनै न कुनै रूपले यी विषय वस्तु नछुटून् । कविता पनि कम पठनीय छैनन् । आगामी दिनमा पनि दायित्वले आफ्नो नियमित्व र स्वरूपलाई कायम राख्न सकोस् ।

सेवकप्रसाद नेपाल
सिन्धुपाल्चोक

साहित्यिक गतिविधि

सन् १९९३ को साहित्य एकेडेमी पुरस्कार नेपाली भाषामा लिखित मृगतृष्णा नामक कथा संग्रहकोलागि सानु लामालाई र हिन्दी भाषामा विष्णु प्रभाकरको उपन्यास अर्द्ध-नारीश्वरलाई प्रदान गरिएको छ ।

वि. सं. २०४९ को साझा पुरस्कार महाकवि लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य पृथ्वीराज चौहान लाई र २०४७ को जगदम्बा श्री पुरस्कार सिक्किमका मुख्यमन्त्री नरबहादुर भण्डारीलाई प्रदान गरिएको छ ।

सन् १९९२ को अगम स्मृति पुरस्कार कथाकार शिवकुमार राईलाई र २०५० को विद्वच्छिरोमणी हेम-राज पुरस्कार व्याकरणशास्त्री रोहिणीप्रसाद भट्टराईलाई तथा २०५० को सर्वनाम पुरस्कार रंगकर्मी धनबहादुर मल्ललाई प्रदान गरिएको छ ।

२०५० को मैनाली कथा पुरस्कार कथाकार सन्तोष भट्टराईलाई र २०५० को रुद्रराज पाण्डे पुरस्कार वा त्रिरत्न मानन्धरलाई प्रदान गरिएको छ ।

२०५० को सिद्धिचरण काव्य पुरस्कार कवि मेघराज मञ्जुललाई र २०५० को दानमाया साहित्य पुरस्कार जनकप्रसाद हुमागाईंलाई प्रदान गरिएको छ ।

विक्रम सम्वत २०५१
सम्पूर्ण देशवासीहरूका निम्ति
शान्तिमय र सुखमय होस् ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९४५)

नववर्ष २०५१ सालको उपलक्ष्यमा
समस्त ग्राहकवर्गहरूमा हार्दिक मङ्गलमय
✱ शुभ-कामना ✱
हरिसिद्धि ईटा तथा टायल
कारखाना लिमिटेड
हरिसिद्धि, ललितपुर, फोन नं. ५२२७१६ ५२१४५१